वीर-पूर्ण पुस्तक संग्रहालय
बाबहाल, ललितपुर,
नेपाल।

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

आनन्द भूमि

(नेपालको पहिलो बौद्ध मासिक पत्रिका)

दिवंगत आचार्य भिक्षु डा. अमृतानन्द महास्थविर

वर्ष २५, अंक ५, | ने. सं. ११११७ यँद्याःपुन्हि वि. सं. २०५४ भाद्रपूर्णिमा | बु. सं. २५४१ इ. सं. १९९७ सेप्टेम्बर

नेपालं पिदंगु न्हापांगु बुद्धधर्मया लय्पौ

आनन्दभूमिया इनाप

पुन्हिपतिकं पिदनीगु आनन्दकुटी विहारया थुगु लय्पौ
ताःलाकातयेया लागी बुद्धधर्मयात न्हिथं प्रचार प्रसार
यानावं वनेगु ज्वलय् छिकपिनिगु ग्वाहालिया आशा याना ।

- बुद्धधर्म व दर्शनया अनुसन्धनात्मक व रचनात्मक च्वसुत बियादिसँ ।
- बौद्ध गतिविधित छ्वयाहयादिसँ ।
- थःगु व्यवसायया विज्ञापन बियादिसँ ।

ग्राहक ल्हापं--

दँछिया ग्राहक ल्हापं ६०।- छगूया ६।-

आजीवन ग्राहक ल्हापं १०००।- तका ।

विषय-सूची

१.	बुद्ध-वचन-	१
२.	सम्पादकीय- स्वयम्भूको शौचालय	२
३.	बुद्धधर्ममा ध्यानभावना	३
४.	रक्षा गर्नुपर्‍यो (ज्ञानमालाभजन)	६
५.	बौद्धहरूमा अबौद्धविधि किन ?	७
६.	*O' Nawatame ! (Poem)*	९
७.	चतुर्ब्रह्मविहार (चिनाखँ)	९
८.	भगवान् गौतमबुद्धद्वारा प्रतिपादित बुद्धधर्म	१०
९.	असारपुह्लिया महत्त्व (चिनाखँ)	१३
१०.	विधुर महाजातक	१४
११.	नारी नं छह्म मनू खः (चिनाखँ)	१५
१२.	बौद्ध गतिविधि	१६

वीर-पूर्ण पुस्तक संग्रहालय
बागबजार, ललितपुर,
नेपाल।

आनन्दभूमि

(नेपालको पहिलो बौद्ध मासिक पत्रिका)

प्रधानसम्पादक
भिक्षु कुमार काश्यप
फो. नं. २७१४२०

सम्पादक
सुवर्ण शाक्य – २५६२६५
अष्टमुनि गुभाजु – २५३३२२

व्यवस्थापक
भिक्षु धम्ममूर्ति – २७१४२०

सह-व्यवस्थापक
तीर्थनारायण मानन्धर
फो. नं. २७०३८९

वितरणव्यवस्था
भिक्षु पञ्ज्ञामूर्ति – २७१४२०

वितरणव्यवस्था–सहयोगी
श्रामणेर पञ्ज्ञारत्न– २७१४२०

विज्ञापनव्यवस्था
त्रिरत्न मानन्धर– २१११८५

प्रधानकार्यालय तथा प्रकाशक
आनन्दकुटीविहार, स्वयम्भू, काठमाडौं
पो.ब. नं. ३००७, फो. २७१४२०

वर्ष २५ - अङ्क ५ – बु. सं. २५४१ – भाद्रपूर्णिमा

बुद्धवचन

अनवत्थित चित्तस्स सद्धम्मं अविजानतो।
परिप्लव पसादस्स पञ्ञा न पूरति ॥

एकै ठाउँमा मन स्थिर गरी बस्न नसक्ने, धर्म भनेको के हो भनेर नजान्ने र श्रद्धा कमजोरभएका सँग विवेक, बुद्धि हुँदैनन्।

❁ ❁ ❁

अनवस्सुत चित्तस्स अनन्वाहत चेतसो।
पुञ्ञापाप पहीनस्स नत्थि जागरतो भयं ॥

पल्किने बानी नभएका, चित्तमा रीश राखिनरहने र पाप पनि पुण्य पनि क्षय भैसकेकालाई क्लेशभय हुँदैनन्।

❁ ❁ ❁

एकजना मान्छेको गाई हराएर खोज्न जाँदाजाँदै नभेट्टिएर एउटा विहारभित्र पस्न गए। त्यहाँ भिक्षुहरू भिक्षाटनबाट फर्केर भोजन गरिरहेको बेला पऱ्यो। भोजन गरिराखेको हेरिरहेका उनलाई पनि भिक्षुहरूले खानेकुरो दिए। मीठो-मीठो भोजन गरी उनले विचार गरे कि– भिक्षुहरू काम नगरिकन पनि मीठो भोजन गर्न पाउँछन्, आफूहरू धेरै परिश्रम गरेर पनि त्यसरी खान पाउँदैनन् त्यसैले भिक्षु हुनु नै मोज छ। ऊ भिक्षु हुन गए। भिक्षु भँरहँदा स्वास्नीको सम्झना आएर ऊ घरमा गए। घरमा काम पनि गाह्रो अनि मीठो खान पनि नपाउने भएकोले ऊ फेरि भिक्षु नै हुन गए। एकचोटि स्वास्नीकहाँ र एकचोटि भिक्षु हुने गर्दागर्दै ६ पटकसम्म त्यसरी गरे। एकचोटि गर्भवती स्वास्नी सुतिरहेको बेला निद्रामा स्वास्नीको शरीरमा लुगा सर्केर गई सिँगै पेट देखिएर मुखबाट ब्वाल्ल न्याल चुहिएको घृणित अवस्थामा देखेर ऊ कौहिल्यै नफर्किने गरी भिक्षु हुन गए। त्यहाँ भिक्षुहरूले उनलाई भित्र्याइएनन्। उनले क्षमा माग्दै "आइन्दा यसो गर्ने छैन" भनेकाले क्षमा दिई भिक्षु गरे। उनले मेहेनतपूर्वक मन शुद्ध गरी ध्यानभावना पनि गरे। ऊ अरहन्त भए। त्यसरी उनले चंचल मनलाई शुद्ध गरेको कुरालाई लिएर भगवान् बुद्धले माथिको गाथा पढ्नुभएको थियो।

वार्षिक शुल्क रू. ६०।– | आजीवन शुल्क रू. १०००।– | एक प्रतिको रू. ६।–

सम्पादकीय–

स्वयम्भूको शौचालय

भाद्र महिना बौद्धजगत्मा संकल्पको महिना हो । बौद्धतीर्थस्थलमा गई यही महिनाभरि मानिस सेवायुक्त भावनाले पवित्र संकल्पहरू गर्दछन् । शुद्ध चित्त एवं श्रद्धा भक्तिको महिनास्वरूप ज्योतिर्मय धर्मधातु चैत्य गोश्रृंग पर्वतस्थित स्वयम्भूस्थानमा मानिस पूजा गर्न जान्छन् । सो बेला स्तोत्र, पाठ एवं सांस्कृतिक देवबाद्यहरूको गुंजन त्यहाँ हुन्छ। धूप, दीप, नैवेद्यादि पंचामृत वस्तुहरू चढाई त्यहाँ डाँडाभरिका देवदेवताहरूको पूजा हुन्छ । उपत्यकाका संपूर्ण ठाउँबाट त्यहाँ दिनहुँ हजारौंको संख्यामा उपासक उपासिका भक्तजनहरू जाने गर्छन् । उषाकालको ४ बजेदेखि बिहान पूरै खचाखच मान्छेले भरिन्छ । दिउँसो पनि कुनै न कुनै पूजा भइरहेको हुन्छ । पूर्णिमा, गाइजात्रा, पंचदान जस्ता पर्वहरूमा त झन् लाखौंको संख्यामा मानिस भेला हुने गर्छन् ।

त्यस पवित्र एवं ऐतिहासिक स्थानमा सरसफाइ र सुरक्षाको लागि परंपरागत घेरै गुठी गन्नाहरू संचालित छन् । चाडपर्व र गुठीले भरिएको नेपाली जनजीवनमा प्रायःजसो घरघरमा स्वयम्भूसम्बन्धी गुठीहरू अपनाउँछन् । आज ती गुठीहरू विधिमात्र भएर गएतापनि स्वयम्भूमा जाने र रीतिलाई कज्याउने भने छुटेको छैन । पर्यटकहरू समेतको मुख्य थलो भएको नाताले त्यहाँ आधुनिक सेवामुखी संस्थाहरू पनि खोलिएका छन् । सिँढी बनाउने, वृक्षारोपण गर्ने, सफाइ गर्ने, धारापानीको व्यवस्था गर्ने, पूजा गर्ने सुविधा पुऱ्याउन पंक्तिबद्धता आदिको व्यवस्था गर्ने आदि सेवाकार्यको लागि विभिन्न संस्थाहरू विभिन्न नेतृत्वमा स्थापना भएका छन् । एउटैले गर्ने कार्य धेरैले गरेमा चाँडो सफल हुने र कार्यविधिमा हलुका हुने एकातिर छ भने 'नश्यन्ति बहुनायकाः' धेरै नाइके भयो भने काम बिग्रिन्छ भने झैं त्यहाँ काममा ढीलासुस्ती र नेतृत्वको होडबाजी झैं भएको पनि जनगुनासो पोखिन गयो । त्यसै गुनासोलाई अंगीकृत गरी सबै संस्था मिली ठोस कदम चाल्न त्यहाँ स्वयम्भू महासंघको स्थापना भयो । काम भइरहेको होला । त्यसबाट स्वयम्भूको विकास हुने आशा सबैले लिएका छन् ।

आजकाल नेपालमा कहीँबाट पैसा आएमा संस्था चल्ने र अरू ठाउँबाट पैसा नआएमा कामधाम नै एकातिर जाने संस्थाहरू र संस्थाका पदाधिकारीहरू देखापरेका छन् । सामाजिक संस्था भनेको सामाजिक स्रोत परिचालन गरी सेवा गर्ने संस्था हो सिवाय विदेश वा सरकारबाट ग्वाम्म र डक्कै टक्का आएमा मात्र संचालन गरिने बस्तु होइन ।

आज भाद्र महिनामा स्वयम्भूको राम्ररी बनिराखिएको शौचालयले सेवामुखी संस्था र समाज-सेवीको परिचय दिए झैं महिनाभरि नै एकै रूप एकै स्थितिमा पाइला टेक्न नहुने दुर्गन्ध रह्यो, यस तिर ध्यान जानु आवश्यक छ ।

वीर-पूर्ण पुस्तक संग्रहालय
सानेपाल, ललितपुर,
नेपाल।

(नेपालीभाषा)

बुद्धधर्ममा ध्यानभावना

– बुद्धरत्न शाक्य

ध्यानभावनाको अर्थ र परिचय–

बौद्धभावनामा ध्यान र भावना भन्ने शब्दलाई पर्यायवाची शब्दको रूपमा प्रयोग गरिएको पाइन्छ। साधारण बोलिचालीको भाषामा कुनै विषयमा मन दिनु नै ध्यान हो र भावको मनन गर्नु भावना हो तर बुद्धधर्ममा यस शब्दको अर्थ गहन र अर्थपूर्ण छ। ध्यानलाई पालिभाषामा 'भजन' भनिन्छ। 'किलेसे झापेती'ति-ज्ञान अर्थात क्लेशलाई भस्म गर्नु नै ध्यान हो। अनि वृद्धि गर्दै लाने अर्थमा भावना शब्दको प्रयोग भएको देखिन्छ। त्यसप्रकार क्लेशलाई निर्मूल गर्नको लागि लगातार अभ्यास गर्दै जानु नै ध्यानभावना हो।

ध्यानभावनाको प्रकार–

साधारण हिसाबले बुद्धधर्ममा ध्यानभावना २ प्रकारका छन्–

(क) समथ र

(ख) विपस्सना

समथ– चित्तलाई संयम गर्नु, चित्तलाई कुनै एक विषय वा आलम्बनमा एकाग्र गरिराख्नु, चित्तलाई आफ्नो वशमा राख्न र क्लेशलाई शान्त पार्नको लागि समथ ध्यानको अभ्यास गरिन्छ। पालीपिटकमा ४० प्रकारका समथभावनाको वर्णन पाइन्छ।

शील सदाचारको पालनले शरीर र वचनद्वारा हुने अकुशल कर्ममा रोक लाग्छ, जसलाई तदपट्ठान भनिन्छ, समथध्यानभावनाको अभ्यासले मनमा क्लेश (अकुशल) ले ठाउँ पाउँदैन जसलाई विक्खम्भनपट्ठान भनिन्छ। यस अवस्थामा चित्त कुशल आलम्बनमा रहि रहेको हुन्छ। समथध्यानले क्लेशलाई दमन गरी शान्त पार्छ, तर जरैदेखि निर्मूल पार्ने शक्ति यसमा छैन। उदाहरणको लागि देवदत्त जसले समथध्यानभावनाको अभ्यासले अनेक ऋद्धिसिद्धिहरू लाभ गर्न सफल भयो तर क्लेशलाई जरैदेखि निर्मूल पार्न नसकेको हुनाले नरकगामी हुन पुग्यो।

विपस्सना–

"यथाभूत ज्ञान दस्सन" अर्थात् यथार्थ ज्ञान-दर्शनको लागि प्रज्ञाको विकासको लागि, क्लेश निर्मूल पार्नको लागि विपस्सनाध्यानभावनाको अभ्यास गरिन्छ। भगवान् बुद्धले सतिपट्ठानसूत्रमा बडो स्पष्टरूपमा भन्नुभएको छ– "एकायनो अयं भिक्खवे मग्गो सत्तान विशुद्धिया, शोक परिदेवान समतिक्कमाय, दुःखदोमनस्सानं अट्ठङ्गमाय, न्यायस्स अधिगमाय निब्बानस्स सच्छिकिरियाय यदिदं चत्तारि सतिपट्ठाना।" अर्थ– सत्त्व-प्राणीहरूको विशुद्धिको लागि, शोकपरिदेवलाई हटाउनको लागि, दुःखदौर्मनश्य निवारणको लागि, आर्य-मार्गमा अगि बढ्नको लागि र निर्वाणको साक्षात्कारको लागि यही एकमात्र मार्ग छ।

यसप्रकार के कुरा स्पष्ट हुन आएको छ भने विपश्यनाभावनाबाट मात्रै अनित्य, दुःख र अनात्मको बोध भई प्रज्ञाको विकास हुन्छ। अनि मात्रै क्लेशलाई जरैदेखि उखेली निर्मूल पारिदिन्छ। यसप्रकार जति जति क्लेशका जराहरू उखेल्न सफल हुन्छ त्यति त्यति नै भवचक्रबाट मुक्ति मिल्दै जान्छ।

बुद्धधर्ममा ध्यानभावनाको स्थान–

बुद्धधर्म संसारका अन्य धर्महरूभन्दा भिन्दै आफ्नो एउटा अलग्गै विशिष्ट गुणले युक्त हुनुमा ध्यान-भावना पनि एक हो । अन्य धर्ममा अनित्य, दुःख र अनात्मविषयमा प्रज्ञा पुष्ट गर्ने ध्यानभावनाको कुनै स्थान छैन । बुद्धधर्ममा मात्रै प्रज्ञाको विकास गर्ने, क्लेशलाई जरैदेखि उखेल्ने विपस्सना ध्यानभावनाको व्यवस्था छ । यसकारण बुद्धधर्ममा ध्यानभावनाले विशिष्ट स्थान ओगटेको छ ।

बुद्धधर्मको सार भन्नु नै शील, समाधि र प्रज्ञा हुन आउँछ । अझ यसलाई पनि निचोडमा लिने हो भने प्रमुख हुन आउँछ । भगवान् बुद्धको महत्त्वपूर्ण देन पनि प्रज्ञा नै हो । अघि भने जस्तै शील सदाचारको पालना-ले शरीर र वचनबाट हुने अकुशल कर्म रोक्न सकिन्छ । समाधिको अभ्यासले चित्तमा अकुशल उत्पन्न हुनबाट रोक लाग्दछ तर अकुशलको जरो नै विनाश गर्नको लागि प्रज्ञाविना सम्भव छैन । प्रज्ञा साधारणतया तीन प्रकारका छन्–

(क) श्रुतमय प्रज्ञा

(ख) चिन्तनमय प्रज्ञा

(ग) भावनामय प्रज्ञा

प्रज्ञाको बारेमा अरूबाट सुन्नु, पुस्तक पढेर थाहा पाउनु श्रुतमय प्रज्ञा हो । त्यस कुरालाई चिन्तन मनन गरेर आफ्नो बुद्धि र विवेकको तराजुमा जोखेर स्वीकार गर्नु चिन्तनमय प्रज्ञा हो । प्रज्ञाको यस स्तरसम्म अरूको ज्ञानलाई स्वीकार गर्नु, अरूको ज्ञानलाई विश्वास गर्नु र मान्नु मात्रमा सीमित रहन्छ । अर्थात् श्रुतज्ञान र चिन्तनज्ञान केवल पराया ज्ञान भयो आफ्नो ज्ञान भएन । पराई ज्ञानले हामीलाई केवल बाटो देखाइदिन सक्दछ, मुक्तिको ढोका खोल्न सक्दैन । त्यसैले भगवान् बुद्धले भन्नुभएको छ· "तुम्हे हि किच्चं आतप्पं अक्खातारो तथागता" परिश्रम तिमी आफैं गर्नुपर्छ, तथागतले त केवल मार्ग निर्देशनमात्र गर्न सक्छ । श्रुतमय ज्ञान ठीक छ छैन भन्ने कुराको परीक्षण केहो हदसम्म चिन्तनज्ञान-बाट हुन्छ तर यसबाट पनि यथार्थमा जान्ने काम भने हुँदैन केवल मान्ने र विश्वास गर्ने काममात्र हुन्छ । सत्यलाई मान्नु र जान्नुमा आकाश जमीनको फरक छ । जन्मजात अन्धोलाई अन्धकार र प्रकाशको बारेमा जति सुकै व्याख्या गरेर सम्झाइ बुझाइ गरेपनि जतिसुकै चिन्तन गर्न लगाएतापनि उसले अन्धकार र प्रकाशमा कतिको फरक छ भन्ने कुरा कुनै हालतमा पनि बुझ्न सक्दैन । सत्यलाई जान्नु र मान्नुमा पनि त्यति नै फरक छ । सत्यलाई जान्न के गर्नुपर्छ त ?

सत्यलाई जान्न भावनामयप्रज्ञाको विकास गर्नु-पर्छ । भावनामयप्रज्ञाको विकास गर्न यथाभूत ज्ञानदर्शन अर्थात् विपश्यनाध्यानभावनाको अभ्यास गर्नुपर्दछ । सत्यलाई आफ्नो अनुभूतिमा उतार्न सक्नुपर्छ । उदाह-रणको लागि अनित्यको बारेको हामीले धेरै प्रवचनहरू सुनेका छौं, धेरै पुस्तकहरू पढेका छौं तर हामीले वास्तविकता जान्न सकेका छैनौं फलस्वरूप हामीमा म मेरो भन्ने भावनामा कुनै कमी आएको छैन, हाम्रो अभिमान नारा झैंसकेको छैन तर जब हामी ध्यान गर्छौं, आफ्नो शरीर, आफ्नो चित्त क्षण क्षणमा द्रुत-गतिमा परिवर्तन भैरहेको अनुभूति हुनेछ । यसप्रकार सत्यको प्रत्यक्ष अनुभूति भइसकेपछि अनित्यबोध पुष्ट हुँदै जान्छ, अनि क्रमशः आशक्ति कम हुँदै जान्छ । उदाहरणको लागि बत्ती बलेको देखेपछि कुनैपनि बच्चा आकर्षित हुन्छ र त्यसतर्फ हात बढाउँछ । उसलाई जति सुकै गाली गरेपनि उसले बत्ती छुने कोशिश गर्दछ तर जब बत्तीले उसको हात पोल्छ तबमात्र उसले फेरि छुने

कोशिश गर्दैन । ठीक त्यस्तै नै अनित्यको प्रत्यक्ष अनुभूति नभैकन मोह भंग हुँदैन । जब अनित्यको प्रत्यक्ष अनुभूति हुन्छ तबमात्र मोह टुट्छ । यसप्रकार अनित्य, दुःख र अनात्मबोधको लागि, भावनामय प्रज्ञा पुष्ट गर्नको लागि ध्यानभावनाको अभ्यास गर्नुबाहेक अर्को विकल्प छैन ।

शील, समाधि र प्रज्ञाको अन्तर्सम्बन्ध

शील सदाचारको पालनले स्थूल अकुशल कर्महरू रोकिन्छन् र जसको परिणामस्वरूप चित्त केही हदसम्म शान्त हुन्छ । चित्त शान्त भयो भने प्रज्ञाको विकास हुन्छ । यसप्रकार शीलले समाधि लाभ गर्छ र प्रज्ञाको विकास गर्न सहयोग पुऱ्याउँछ । त्यस्तै समाधिले शील पालन गर्न र प्रज्ञा पुष्ट गर्न बल दिन्छ । समाधि भएन भने अर्थात् मन आफ्नो वसमा भएन भने शीलपालन गर्न कठिन हुन जान्छ उदाहरणको लागि चुरोट खानुहुँदैन भन्ने कुरा डाक्टरलाई राम्रोसँग थाहा छ तर मन आफ्नो वसमा नभएको हुनाले चुरोट छोड्न सक्दैन । मन आफ्नो वसमा राख्नको लागि ध्यानभावनाको अभ्यास गर्नु नितान्त आवश्यक छ । आफू मनको मालिक बन्न सकेमा मात्र शीलको पालना शुद्धरूपले गर्न सकिन्छ र समाधि लाभ गरी प्रज्ञाको विकास गर्न पनि सकिन्छ । ध्यान अभ्यास भएन भने मन आफ्नो वसमा हुँदैन र चित्त चंचल हुन्छ । चंचल चित्तले सत्यको यथाभूत दर्शन गर्न सक्दैन र प्रज्ञाको विकास पनि हुँदैन । यसकारण शील सदाचारको पालन राम्रोसँग गर्न र प्रज्ञा पुष्ट गर्न समाधिको आवश्यकता छ । समाधिअभ्यासबाट पुष्ट भएको प्रज्ञाले शील पालन गर्न र समाधि प्रबल पार्न थप बल प्रदान गर्दछ । प्रज्ञाको विकास नभएसम्म शील पालन गर्ने कुरामा अनेक शंका उपशंकाहरू आउन सक्छ र शील पालन फितलो हुन्छ । प्रज्ञाको विकासले विभिन्न शंका उपशंकाहरू हटेर जान्छ जसको कारण शील पालन पनि शुद्धरूपले हुन जान्छ र समाधि पनि झन् प्रबल हुन्छ । यसप्रकार शील, समाधि र प्रज्ञा एक आपसमा त्रिकोणात्मक सम्बन्ध राखी एकले अर्कोलाई पुष्ट पार्ने काममा मद्दत गरिरहेको हुन्छ । यसकारण बुद्धधर्मको मुटुको रूपमा रहेको शील, समाधि र प्रज्ञा पुष्ट पार्नको लागि ध्यानभावनाको नितान्त आवश्यकता छ ।

ध्यानभावनाको फाइदा एवं महत्त्व

भगवान् बुद्धले धम्मपद सहस्सवग्गको गाथा नं. १११ मा कौण्डण्य स्थविरका ५०० शिष्यहरूलाई उपदेश दिने क्रममा भन्नुभएको छ कि दुष्प्रज्ञ भई चित्तसंयम नगरी १०० वर्ष बाँचुभन्दा प्रज्ञावान् भई एक दिन मात्र जीउनु श्रेष्ठकर छ । त्यस्तै सतिपट्ठानसूत्रमा सत्त्वप्राणीहरूको विशुद्धिको लागि, निर्वाणको साक्षात्कारको लागि ध्यान भावना नै एकमात्र माध्यम भएको कुरा अघि पनि उल्लेख भैसकेको छ । यसबाट ध्यानभावनाको फाइदा र महत्त्व कतिको छ भन्ने कुरा स्वतः सिद्ध हुन्छ, ध्यानभावनाको फाइदा र महत्त्वलाई बुँदागतरूपमा प्रस्तुत गर्ने हो भने निम्न कुराहरू दर्शाउन सकिन्छ ।

१) अनित्य, दुःख र अनात्मबोध भएको कारण आशक्ति कम भई चित्त शान्त हुन्छ ।
२) शारीरिक दुःख र मानसिक दुःख कम भई शरीर स्वस्थ हुन्छ ।
३) अन्धविश्वास हटेर गई दृष्टि शुद्ध हुन्छ ।
४) आफ्नो कर्तव्यको पालन राम्रोसँग हुन गई काम गर्ने उत्साह र सामर्थ्यको वृद्धि हुन्छ ।
५) निस्वार्थभावले समाजको सेवा गर्न सकिन्छ ।
६) आफू मनको मालिक बन्न गई मन आफ्नो वसमा राख्न सकिन्छ ।

७) एकाग्रता वृद्धि भई आफूले गर्ने काम राम्रोसँग सम्पादन गर्न सकिन्छ ।

८) सबभन्दा महत्त्वपूर्ण कुरा संसारको वास्तविकता बोध भई संसारप्रतिको मोह र भ्रम टुट्न गई क्लेश झन् झन् कम हुँदै जान्छ र निर्वाण नजिकिँदै आउँछ ।

हाम्रो दैनिक जीवनव्यवहारमा ध्यानभावनाले के कस्तो फाइदा पुऱ्याउँछ त ?

यसतर्फ केलाएर हेर्ने हो भने ध्यानभावनाको अभ्यासले अनित्य बोध हुन गई म मेरो भन्ने भावनामा सिथिलता आउन थाल्छ । जीवनप्रतिको मोह र आसक्ति कम हुँदै जान्छ जसले गर्दा जीवनमा आइरहने विभिन्न प्रकारका तनावहरूबाट मुक्त हुँदै जान्छ । अर्को कुरा स्मृतिसम्प्रजन्य याने पूर्णरूपमा सजग रहने अभ्यासको कारण चित्तमा क्लेश उत्पन्न हुने बितिकै चाल पाउन थाल्दछ र तुरुन्त रोक लगाउनमा सक्षम हुन्छ । जसको कारण अकुशलबाट धेरै हदसम्म जोगिन सक्छ । यो ध्यानभावनाको महत्त्वपूर्ण उपलब्धि हो । हालै मात्र ०४६-५० सालतिर लोटस रिसर्च सेन्टरले गरेको एक अध्ययन प्रतिवेदनअनुसार नियमित रूपमा ध्यानभावना गर्ने व्यक्तिहरूको स्वास्थ्यमा सुधार आएको, दुर्व्यसनमा फसेकाहरूसमेत उम्कनमा सफल भएको, रिस अभिमान कम भई साथीभाइ र टोलछिमेकहरूसँगको सम्बन्धमा सुधार आएको, नैराश्यता र अल्छीपना कम भई जोश जाँगर र सहनशीलता वृद्धि भएको देखिन आएको छ । यसप्रकार दैनिक जीवन-व्यवहारमा ध्यानभावनाको राम्रो प्रभाव परेको कुरा पुष्ट हुन आएको छ ।

—●—

रक्षा गर्नुपऱ्यो

– लक्ष्मीनानी

सद्गुरु लोकनाथ प-यो है कृपा राखिदिनु ।
शास्त्र ज्ञानले र बुद्धि ध्यानले है ।।

शास्त्रज्ञान नदिए जन्मेको खेरै गयो गुरु,
त्यसैले वरदान दिनुहोस् है ।।

ज्ञानविना छैन यहाँ जन्म हुँदा सार गुरु,
दिनुहोस् दान विद्याको धन है ।।

अल्सी मार पापीले गऱ्यो विद्याहीन गुरु,
खेर नै जान लाग्यो, मेरो जन्म है ।।

कसो गर्नुपऱ्यो म जन्मेको सार हुने गुरु,
प्रष्टरूपले देखाउनुपऱ्यो है ।।

भाव-भक्ति गर्न सकेन आजसम्म हे गुरु,
पटक्कै कसरी बिसिरहेको है ।।

विद्यादान नहुँदा दिनहुँ पाप गरें गुरु,
यी पाप सबै कसरी पखाल्ने है ।।

नरकमा भोग्ने दुःख कसरी सहने हे गुरु,
दुर्गतिमा नपरी नहुने भो है ।।

अज्ञानी शिष्यलाई रक्षा गर्नु नै पऱ्यो गुरु,
प्रभु गुरुको शरणमा परें है ।।

आफ्नो जीवन प्रभुमा समर्पण गरें गुरु,
गुरु लोकनाथको चरणमा है ।।

ज्ञानसिद्धि हुनुपऱ्यो प्राणीहित हुने गुरु,
यति नै प्रभुसँग इच्छा गरें है ।।

– अनु० दिव्यरत्न तुलाधर

—●—

बौद्धहरूमा अबौद्धविधि किन ?

– फ्रा बाद् सोमदेच
फ्रा चुल चअम् क्लाउचाउ यू हुबअ्
अनु. भिक्षु धर्माराम विपस्सी

परापूर्वकालदेखि नै राजधानी देवमहानगर (बैंकक) मा मनाइने गरिएका राजविधिहरू २ वटा स्रोतहरूमा आधारित छन् । एउटा हो आगमशास्त्रका मन्त्र (ईश्वर शिव आदि मान्ने) दोस्रो हो बुद्धशासन । अझ यी भिन्नाभिन्नै दुइटा मूलबाट आएका राजविधिहरू मिसिएर तेस्रो किसिमका राजविधि पनि बन्न आएको पाइन्छ ।

यस्तो हुनाका कारण पहिलेका केही राजाहरू र प्रजाहरू ब्राह्मणधर्म मान्दथे । आगमशास्त्रअनुसार जुन जुन कुराहरू देशलाई श्रीमङ्गल हुने भनिएका छन् ती कुराहरूलाई तद्अनुसार देशको राजपरम्परा बनाइएका थिए । पछि राजाहरू र प्रजाहरूले बुद्धधर्म मानिसक्दाखेरि पनि ती मानिंदै आए ।

भनिएको छ कि प्रारम्भिक बुद्धधर्ममा कुनै विधि मुहूर्त, पर्वदिन जस्ता कुराहरू थिएनन् । भगवानले भन्नुभएको छ, शुभदिन, शुभघडी, शुभमुहूर्त अथवा शुभकामना जस्ता कुराहरू आफ्नो सैद्धान्तिक (काय, वचन र मन)का सुकार्यहरूमा भर पर्दछन् । मङ्गल हुने र अमङ्गल हुने भन्ने कुराहरू पनि मानिसका आ-आफ्ना असल र खराब कार्यमै भर पर्दछ ।

त्यसो हुनाले जुन राजविधिहरू बुद्धधर्मसँग मिसिएका छन्, जुन बुद्धधर्मबाट आएको हो भनिन्छ तर आगमशास्त्रमा आधारित छन् भने त्यस्तालाई भगवान् बुद्धले बताउनुभएको अथवा उहाँको निर्देशन अनुरूप भएको भनी मान्नुहुँदैन । जे होस्, राजविधिहरूमै पनि कुनै भगवान् बुद्धबाट प्रशंसित अनुरूप भएका छन् भने कुनै निन्दितअनुरूप भएका पनि छन् । छोटकरीमा भन्दाखेरि जुन कार्य त्रैद्वारिक सुचरित्रमा आधारित छ, त्यसलाई भगवान् बुद्धले प्रशंसा गर्नुभएको छ । जुन कुरा दुश्चरित्रमा आधारित छ, त्यसलाई उहाँले खराब भनी निन्दा गर्नुभएको छ ।

त्यसो हुनाले हामीले बुझ्नुपर्छ कि यी जुन विधिहरू बुद्धधर्मअनुसार आएको भनिन्छ, त्यो अहिलेका बुद्धधर्मावलम्बीहरूमा पहिलेदेखि वर्तमान अवस्थासम्म चलिआएको परम्परागत कुरामात्र हुन् । जुन राजविधिहरू भगवान् बुद्धबाट निन्दित छैन, त्यस्ता राजविधिहरूलाई मात्र बुद्धशासनअनुसारको राजविधि मानिन्छ ।

जुन राजविधिहरू आगमशास्त्र र बुद्धधर्म बुझेको सम्मिश्रणबाट निर्मित हुन् र साथि भनिए झैं राजा र जनताले पहिले ब्राह्मणधर्म मान्दाखेरिदेखि चलिआएकालाई अहिले बुद्धधर्म मानिसक्दापनि मानिंदै आएका हुन् किनकि बुद्धधर्म भनेको अरु कुनै धर्मको शत्रु होइन ।

भगवान् बुद्धको त एउटै मात्र इच्छा थियो, त्यो हो, आफूले पाउनुभएको अनुत्तर सम्यक्सम्बोधि ज्ञानद्वारा देखेको यथार्थता बताउनु । त्यसलाई प्रकाश पार्नु । दुःखलाई कसरी शमन गर्ने ? भन्ने कुरो बताउनु नै मुख्य उद्देश्य हो । उहाँ अरूहरू जस्तै निरर्थक कुराहरूमा विवाद गरिरहनुहुन्न । निर्णायकरूपमा भन्दाखेरि

सांच्चैको बुद्धधर्म मान्ने ले तौ आगमशास्त्रहरूलाई मान्ने कुरै छैन ।

तर, पछि मार्गफल पाइनसकेका बुद्धधर्मावलम्बी-हरूमा विभिन्न भय र आशंकाबाट पीडित र विचलित हुनेहरू छन् । त्यस्तै सफलता, शुभलाभ र उन्नतिको कामना गर्नेहरू छन् । उनीहरू पहिलेदेखि ईश्वर वा देवताहरूप्रति संकोच र भय मान्ने रहिआएका छन् । उनीहरूका विश्वासअनुसार तौ प्रतापी र शक्तिशाली देवताहरूले आफूलाई र अरूलाई दण्डसजाँय पनि दिन सक्छन् जुन कि न्यायपूर्ण कुरो होइन ।

भनौं देवताले त्यसै मन लागेर बिष फैलाइदिएर मानिसहरूलाई रोगव्याधिग्रस्त बनाउने र अनिकाल आदि पारिदिने गर्नसक्छन् त्यसो हुनाले त्यस्ता शक्तिशाली र क्रोधी प्रवृत्तिका देवीदेवताहरूप्रति दोष हुन नदिन, भूलचूकले भएका अपमान तिरस्कार आदिको शमन गर्न अथवा पहिले नै भेटसौगात चढाएर खुशी पारी राखि-एको हो । यसले मानिसहरूको मनलाई हलुंगो पार्नुको साथै देवीदेवता पनि रिसाउन छोड्नेछन् । यस्ता विश्वासहरू बाजे बराज्यूदेखि लिएर नाति पनातिसम्म अर्थात् अनेकौं पुस्तादेखि मानिसहरूका मनमा घर गरी आएका हुन्छन् । अनि उसले भोग्ने अनेक किसिमका अचानक घटनाहरूका अनुभव लगातार पाइनुलाई नै उनीहरू भूत, प्रेत, पिशाच, देवी देवता वा ईश्वर आदि-का रीसरागबाट भएको भनी विश्वास गर्न पुग्छन् । त्यसैले तिनका भयत्राशहरू कहिल्यै निर्मूल हुँदैनन् ।

अब यसरी त्रास भइरहेपछि आफ्नो सुरक्षा र शुभलाभको इच्छा झन् प्रबल हुन्छ अनि सो प्रबल इच्छा पूरा गरिदेउन् भनी विभिन्न किसिमका पूजा प्रार्थनाहरू गर्न थाल्छन् । त्यही कारणले गर्दा हो, थाईहरू बुद्ध-धर्मावलम्बी भइसक्दा पनि त्यस्ता पूजा प्रार्थनाहरू गर्न छोडेका हुँदैनन् त्यसो हुनाले तौ आगमशास्त्रअनुसारका राजविधिहरूलाई नछोडिएका हुन् तर त्यसमा विश्वास कम भइसकेको छ । अब यतिमात्र छ कि नगर्नुभन्दा गर्नु ठीकै छ । यसबाट कुनै हानि छैन ।

अब तौ बाकी रहेका राजविधिहरूमा पनि ब्रह्मार-शुद्ध भवका कुराहरूलाई मात्र रोजेर लिइएकाछन् । ब्राह्मण धर्मका अथवा कुनै कुनै हिन्दूका कुकर्मयुक्त कुरा-हरूलाई लिइएका छैनन् । कुकर्म भनेको जस्तै कि प्राणी हिंसा गरेर गरिने यज्ञ पूजा आदिलाई राष्ट्रिय परंपरा बनाई बुद्धधर्मका विपरीत काम गर्नु हो जुन राजविधि-हरू पूर्णरूपले ब्राह्मणमूलक हुन्, तिनमा पनि दानमय, शीलमय र भावनामय राजकुशलकार्यहरू बढाइएका छन् । त्यसैलाई नै तौ राजविधिहरूका प्रमुख कार्य बनाइएका छन् । शिव, विष्णु आदिका उपासनालाई थोरै मात्र महत्त्व दिई पुछारको काम बनाइएका छन् । यी राजविधिहरू परंपरागतरूपले गरिएअनुसार गरिँदै गर्छन् । नगर्नुभन्दा गर्नु असलै हो । यी गरिएका काम-हरू पनि कुनै दोषयुक्त होइनन् । उल्टिको धेरै खबिलो पनि छैन ।

माथि भनिआएका कुराहरू तौ राजविधिहरू किन गरिआएका हुन् भनी देखाउनका लागि हो । अझ त्यस्ताहरूलाई जवाफ हो, जो जिज्ञासा राख्छन्; देशका राजा र प्रजा सबै बुद्धधर्म मान्ने हुन्, तर यी आगम-शास्त्रका विधिहरूलाई किन चलाइरहेका हुन् ?

पहिलेदेखिका राजाहरूका विचार उपर्युक्त प्रकारका हुनाले अहिले राजधानी देवमहानगर (बैंकक) मा पनि तौ राजविधिहरूलाई चलाई दैछन् ।

(English Language)

O' Nawatame!

– Ganesh Mali

Those who thought that by killing you,
You will be dead,
They know not ! They know Not !!
For, you'll be living forever in Lumbini,
So long as Lumbini is there !
So long as Nepal is there !

O' Nawatame ! Blessed are you !
Thousands of Nawatames will be born
here in Nepal !
To carry on the blessed work of
converting Lumbini
Into a dreamland for Buddhists all over
the world !
They will be done here in Lumbini !
So that thousands of Buddhas will
here be born
To convert Nepal into a dreamland
For Buddhists all over the world !

O' Nawatame ! Blessed are you !
Blessed are you indeed !

(चिनाखँ)

चतुर्ब्रह्मविहार

– दोलेन्द्ररत्न शाक्य

सी धैगु सुयां मयःसा, स्यायेगु छाय् ?
दायेके सुया मयःसा, दायेगु छाय् ?
सुख हे सकसियां यः धैगु खःसा,
सुखं च्वनाः थः नं, सुखं तयेनु सकसितं
मैत्री-भाव ब्वलंकाः दया, क्षमा दयेकाः ।

नभचर थलचर जलचर न्हाम्हं
तःधी-चीधी, तःमि-चीमि, बल्लाः बमलाः
मनू, पशु, पंछि, कीट, सरीसृप जुइब्यु,
दुःखीपिं खनाः दुःखी जुयाः दया माया तये
करुणा-भाव ब्वलंकाः, कर्किगु ख्वबि हुये ।

थःसिबय् सुखीपिं, सम्पन्नपिं खनाः,
मनय् खिन्न भाव ह्येगु हे छाय् ?
ईर्ष्या थःत दुःखी यानाः मन स्यंकेगु छाय् ?
बरु हर्षत्रिभोर जुयाः मन लय्तायेके
मुदिता-भाव ब्वलंकाः सुखी जूपिं स्वये दयाः ।

सुख-दुःख, लाभ-हानी, यश-अपयश, निन्दा-
प्रशंसा,
खः थुपि लोक धर्म, योग्य मजू छंति सदां,
समतां थःत छाय्पियाः इकिधिकि मसँसे
छंति,
जीवन-संगिनी भाःपाः थुमित पाचिनाः
न्ह्यज्यां वने,
उपेक्षा-भाव ब्वलंकाः मन संतुलित व स्थीर
यानाः ।

भगवान् गौतमबुद्धद्वारा प्रतिपादित बुद्धधर्म

—बुद्धाचार्य शाक्य

मानवबुद्धपिनिगु इवलय् नीच्याह्मह्म बुद्ध जुया: गौतम बुद्धया जन्म लुम्बिनीउद्यानय् जूगु ख: धैगु त्रिपिटकया खुद्दकनिकायय् बांलाक च्वयात:गु दु । अथेहे भारतया सम्राट् अशोक बुद्धधर्म ग्रहणयासे गौतम बुद्धया जन्मस्थान लुम्बिनीइ मायादेवीयागु देग: व लोहँयागु स्तम्भ थस्वाकाबिल । ललितविस्तर, बुद्धचरित व मेमेगु बौद्धग्रन्थया नापं थीथी सफुतिइ लुम्बिनीइ भगवान् गौतम बुद्धया जन्म जूगु खँ कनात:गु दु । चीनिया फाह्यिानं लुमंमि व ह्वेनसांगं लफनी व लवनी धका: बुद्धया जन्मस्थलयागु नां च्वयाथकल । लुम्बिनीयात गुलिसिनं लुमंनी र गुलिसिनं रूम्मिनी धका: च्वयेगु यानातल ।

नेपालया पश्चिम लागाय् शाक्यजनपदया नापं प्रख्यात जुयाच्वंगु कपिलवस्तुया जुजु शुद्धोधनं व लानि मायादेवीया पुत्र जुया: जन्म जूह्म गौतम बुद्ध बोधि यायाबोधिसिमाक्वय् अभिसम्बुद्ध जुयाबिज्या:गु ख: । वसपोलं बुद्धत्व प्राप्त यानाबिज्याये धुंका: वाराणशीइ धर्मचक्र प्रवर्तन यानाबिज्यात । लोककल्याणया निति वसपोल छह्म राजकुमार जुयां नं दक्व ऐश्वर्य त्याग यानाबिज्यात, थ्वया नापं बुद्धधर्मयागु महत्त्व पीन्यादँतक कनाबिज्यात । शान्ति, अहिंसा, मैत्री व करुणाया ज: व स: ज्वना: वसपोलं बुद्धधर्म प्रचार यानाबिज्या:गु इलय् काम, क्रोध, लोभ व मोहय् दुबिना: मदमस्त जुयाच्वंपि व अहंकारी, घमण्डी व अन्धविश्वासीया नापं सामन्त, शोषक व मानवधर्मविरोधी जुयाच्वंपि मनूतयत बुद्धधर्मया ज: व स: ज्वना: वसपोल भगवान् बुद्धं अधर्मय् थ्वखाय् थ्वयेकाबिज्यात । थ्वया नापं इमित धर्मया चेतना बियाबिज्यात गुकियात पाप व दोष मदुगु उपदेश धका: सकसिनं नालाकाल ।

भगवान् गौतम बुद्धं प्रतिपादन यानाबिज्या:गु धर्म पुलांगु अर्थात् परम्परागत बुद्धधर्मयात मतीचा हे असर ला:गु मदु । बुद्धया तेजं प्राणी सुखी जुइगु, धर्मया तेजं क्लेश फुइगु व संघया तेजं मैत्री बढय् जुइगु उपोसिनं तायेकाहल । वसपोलयागु धर्मउपदेश अन्यायी, अत्याचारी व शोषकवर्गया नापं अहंकारी, घमण्डी व अन्धविश्वासीपिसं बुद्धधर्म हे थःत थम्हं मुक्त यायेगु निति ख: धका: थःपिं नं बुलुहुं बुलुहुं बुद्धधर्मय् च्वनेगु यानाहल । बुद्धधर्म हे सुख, शान्ति व समृद्धिया मूल आदर्श ख: धका: खंकास्वःपिं जुजुपिसं बुद्ध विहारत व चैत्यत स्थापना याना: पुण्य संचय यायेगु यात । बुद्धया शिक्षाकथं थःथम्हं हे तरय् जुइमा: धैगु भावना कया: नुगलंनिसें क्लेश फुकेगु कुत:नं यानाहल । वसपोल भगवान् बुद्धयागु महापरिनिर्वाण लिया अन्धविश्वासी, अहंकारी व घमण्डी जुयाच्वंपि व शोषकवर्गतसें थःथःगु निहित स्वार्थया निति बुद्धधर्मयात बिरोध यायेगु व ह्रासय् यायेगु कुत: यात । थ्वहे इवलय् बौद्धमार्गीपिनिगु संहार यायेगुतक नं यानाहल । गुलिसिनं थ:गु धर्मयात बचय् यायेगु निति बुद्धयात हिन्दूदेवता विष्णुया अवतार धका: धायेगु व बुद्धधर्म हिन्दूधर्मया छगू कवा धका: धायेगु व प्रचार यायेगु यानाहल ।

भगवान् गौतम बुद्धं आदिनिसें चलय् जुयावयाच्वंगु बुद्धधर्मयात थ्वाथुइक न्यंकेगु व कनेगु यानाबिज्या:गु ख: । थ्वहे इवलय् गृहस्थय् च्वंपि बुद्धमार्गीपिनिगु निति पंचशीलयागु उपदेश न्यंकाबिज्यात ।

पंचशीलया अर्थ सुयातं स्याये पाले मयायेगु, मद्यपान मयायेगु, मेपि स्त्री वा पुरुषनाप गमण मयायेगु, मखुगु खें मल्लायेगु व खुया मकायेगु जुल । अथेहे भिक्षुपिनिगु निति अष्टशील पालन यायेमाःगु जुल । अष्टशील धायेबलय् पंचशील व मेगु स्वंगू आदर्श अर्थात् बाह्रि न्ह्यवः नयेगु, ऐसआरामय् मच्वनेगु, लुं, वह आदियात स्वीकार मयायेगु, तज्जाःगु आसनय् मच्वनेगु, विहारय् हे च्वनेमाःगु जुल । उगु नियमय् च्वनीपि भिक्षुतयत हे अर्हत् धकाः धायेमाःगु जुल ।

भगवान् बुद्धपिनिगु उपदेश थौंया निति जक लोगु वा पाय्छि जुइगु मखु कि ह्मिगः, थौं व कल्पय्यात तक नं यथार्थगु व सत्यगु धर्मदेशना यानाबिज्याइगु खः । थ्वहे कथं वसपोल बुद्धं नं धर्मदेशना यानाबिज्यात । वसपोलयागु महापरिनिर्वाणयां लिपा गुलिसिनं थःथःगु कतिलाःनीतिकथं व्याख्या यायेगु यानाहल । थ्वया नापं बुद्धधर्मयागु स्वाःपालं पुयाः क्वानानयेगु धर्मतक नं छ्यलाहल गुकिं थानाः बुद्धधर्मय् दुने अन्धविश्वास व हिंसातक नं दुथ्याकाहल । बुद्धपिसं दक्व सुख व दुःखयागु भोग अथवा अभ्यास यानाःजक संबोधित्व प्राप्त यात धैंगु खँयात व्याख्या याइपिसं खः-मखु, त्य-मत्य, ज्यू-मज्यू आदि ज्ञान भोग व अभ्यासंजक थुइकाकाये फंगु धकाःतक नं धायेगु यात । थुकिया अर्थ हिंसा मयाइम्हं हिंसा, खुया मकाइम्हं खुया, सत्य खँ ह्लाइम्हं असत्य, व्यभिचार मयाइम्हं व्यभिचार व मद्यपान मयाइम्हं मद्यपानया अनुभव व अभ्यास यानास्व अले ज्ञान दइ धकाः निर्दोषीपित ह्लापां दोषी व धर्मात्मातय्त पापात्मा याकेगु जक खः गुकिं यानाः निर्वाण प्राप्त याइपिसं निर्वाणया लँय् मथ्यनीगु व हानं हानं जन्म कयाच्वने मालीगु जक जुइ ।

थ्वहेकथं बुद्धया अर्थ झूठ, धर्मया अर्थ बेइमानी व संघया अर्थ विश्वासघातपाखे यंकीपि नं दु । उजोपि मनूतय्त बुद्धमार्गी धकाः गबलें स्वीकार याये मज्यू छाय् कि इमिसं बुद्ध, धर्म व संघयात हे झूठ, बेइमानी व विश्वासघात यात । उजोपिन्सं बुद्धयात न्ह्याक्व क्षमायाचना धकाः विन्तिभाव यात धाःसानं इमिगु क्लेश इमित चिनाहे तइ । बुद्ध, धर्म व संघया स्वाःपालं पुयाः याइगु गुगु नं अपराधयात सुनानं क्षमा याइमखु नकिसुं नं ह्यः धाःपिसं क्षमा यानाः तरय् यानाबिइ फु ? झूठ, बेइमानी व विश्वासघातयागु फलं थःथम्हेहे दुर्गतिइ वनिइ ।

भगवान् बुद्धं प्रतिपादन यानाबिज्याःगु बुद्धधर्मया चतुरार्थसत्य, पंचशील व अष्टशीलया नापं आर्यअष्टाङ्गिक नेपालया बौद्धमार्गीपिसं धार्मिक जीवनया आदर्श धकाः मानय्यात धाःसा विश्वमानवसमुदायं थःगु निति जक मखु विश्वशान्तिया निति मदयेक मगाःगु नैसर्गिक मार्ग धकाः मानय् यात । थ्वहे कयं बुद्धधर्मया उद्देश्य व रहस्य दुवालास्वयेगु ज्या संसारया थीथी विद्वान्पिसं यानाबं यंकाच्वन । बुद्धधर्मया प्रकृतियात स्वल धाःसा ग्याःह्मसित ख्यायेगु, बम्लाःह्मसित क्वतेलेगु अले अर्थयात अनर्थ यायेगु खँ गननं खनेमदु बल्कि धर्मया अर्थ व सत्य छु खः धैंगु थुइके बियाः दुर्गतिइ वनाच्वंह्मसित नं सुगतिइ यकेगु जक खँ दुगु खंके फइ ।

मनुखं मनूयात गुगुं प्रकारयागु दुःख बिइगु बुद्धधर्मया लक्ष्य मखु न कि धर्मया स्वाःपालं पुयाः सुयातं क्वायेगु, ख्यायेगु निति हे बुद्धधर्म खः । मनुखं मनूतय्गु उपकार यायेगुया नापं प्राणीपिनिगु हितया निति माःगु त्याग, तपस्या व बलिदानया ज्याय् न्ह्याक्वायेगु हे बुद्धधर्मया उच्च लक्ष्य जुल । उकिं भगवान् गौतम बुद्धं गुगुं नं अन्धविश्वास, अहंकार व शोषणयात चिइकाछ्वयेगु निसें कयाः थः व कतःयात नं मुक्त यायेगु धर्मोपदेशजक

यानाबिज्यात ।

दुःख छु ? दुःख गनं व छाय् वल ? दुःखयात पनेगु उपाय छु दु ? अले गबले दुःख मजुइगु लँपुइ गथे वनेगु धैगु भगवान् गौतम बुद्धं बियाबिज्याःगु मार्गकथं थःत थम्हं वाःचायेकावने फत धाःसा थःगु व कपिनिगु हित अवश्य जुइ, थ्वहे ज्ञानयात पूर्वकेगु ज्या याइपि हे बुद्धमार्गी जुइ । बुद्धधर्मालिस्बीपिसं व्यवहारय् हिंसा मयायेगु, मद्यपान मयायेगु, मखुगु खं मल्लायेगु, परपुरुष या स्त्रीनाप भुलय् मजुइगु व खुया मकायेगु आचरणय् च्वनेमाःगु यानातःगु दु । पंचशीलया नामं व्यवहारय् छ्यलेमाःगु थुगु आदर्श हे समाजय् शान्ति, सुव्यवस्था वइ धैगु नं विश्वास यानावयाच्वंगु दु । मखुगु खं मल्लायेकं नये वइमखु, कपिन्त स्यंके मफयेकं, स्वाके मफयेकं थः थाहां वइमखु, बेइमानी मयायेकं कतिलाके फइमखु, हिंसा मयायेकं थःगु स्वार्थ पूर्वके फइमखु, कपिन्त स्यंकेगु (व्यभिचार)मयायेकं छु मज्जा वइमखु धैगु भावना दुपि बौद्धमार्गी धकाः धाःसां नं गुगलय् दुने हाकु थाःपि धकाः धायेमाःगु जुल ।

मनू मनू जुयाः स्वायेगु व कपिन्त नं स्वाकेगु, स्वाके बियेगु निम्ति बुद्धधर्म खः । थ्वहे लक्ष्य भगवान् गौतम बुद्धं पूर्वक बयनाबिज्यात । वसपोलं प्रतिपादन यानाबिज्याःगु बुद्धधर्मयात गुलि फत उलि व्यक्ति, परिवार व समाजय् प्रयोग यायेगु यात धाःसा थःगु निम्ति जक मखु सकसियागु निम्ति नं पुण्य प्राप्त जुइगु धर्म लाइ मूर्ति पूजा व उकियातजक भक्तिभाव यायेगु सिबय् नं भगवान् बुद्धं यानाबिज्याःगु लँपुइ वन धाःसा थःथम्हं हे निर्वाण प्राप्त यायेफइगु जुल । आदिनिसें जन्मजक हिलाः मुक्त जुइ मफयेकाच्वनेगु सिबय् जन्म मरणया चक्रयात पनेगु थःथम्हं कुतः यायेगु निम्ति हे बुद्धधर्म खः

आनन्दभूमिया इनाप !

थुगु बौद्ध लय्पौया वार्षिक ग्राहकया ई फुइधुंकूपिसं थः-थःपिनिगु ग्राहक नवीकरण यासे स्वाहालि यानादीत इनाप याना ।

स्वापू:– आनन्दकुटीविहार, स्वयम्भू, यँ ।
पौद्यां ल्याः ३००७
फोनः– २७१४२०

दीपंकर परियत्ति शिक्षालययया इनाप !

यल उपमहानगर पालिकाया मेयर बुद्धिराज वज्राचार्यया प्रमुख आतिथ्यय् दीपंकर परियत्ति शिक्षालययया वार्षिक उत्सव व परियत्ति शिक्षाया विद्यार्थीपिन्त 'पुरस्कार वितरण' याइगु ज्याझ्वलय् ब्वति कयादीत सकसितं इनाप यानातःगु दु ।

थाय्:– नागबाहाः, सिमाक्वय् (यल)
ईः– ह्लिनय् ३ ता इलय् ।

असारपुन्हिया महत्त्व

– धर्मरत्न शाक्य 'त्रिशूली'

सीका कायेनु थ्वीका कायेनु,
बौद्ध वाङ्मय् बालाकया: ।
असारपुन्हिया महान् पर्वय्,
महान् घटनात छुछु दु धका: ।।

तुषिताभुवनं क्वाहां बिज्याना:
मायादेवीया गर्भय् च्वंगु ।
बोधिसत्त्वया गर्भप्रवेश,
थ्वहे असारपुन्हिया दिनय् ।

रोगी जुया: बृद्ध सिनावनीगु,
दु:खया कारण ल्वीकेया निम्ति,
गृहत्याग याना: प्याहां बिज्या:गु,
थ्वहे असारपुन्हिया दिनय् ।

सारनाथय् थ्यंक: बिज्याना:
पञ्चवर्गीय यतिपिन्त स:ता: ।
धर्मचक्रया देशना या:गु,
थ्वहे असारपुन्हिया दिनय् ।

तैथिकपिनि मद मर्दन यायेत,
श्रद्धालुपिन्त संग्रह यायेत ।
यमकप्रातिहार्यत क्यंगु,
थ्वहे असारपुन्हिया दिनय् ।

वर्षा स्वलातक छथासं च्वनेगु,
वर्षावासया नियमत दयेका:,
थ: नं नियमय् च्वनाबिज्या:गु,
थ्वहे असारपुन्हिया दिनय् ।

मायादेवीया गुण लुमंका:,
इन्द्रया भुवनय् थ्यंक: बिज्या:गु,
अभिधर्मया देशना या:गु,
थ्वहे असारपुन्हिया दिनय् ।

बुद्ध मदयेव महाकाश्यपं,
ल्यूस: अर्हत् स्थविर मुंका:,
धर्म व विनययां संग्रह या:गु,
थ्वहे असारपुन्हिया दिनय् ।

धम्मपद– ।। १२१ ।।

भतीचा पाप यानां जित: छु जुइ ? धका: धायेमज्यू; तिकितिकि ननाच्वंगु
लखं धम्प जायावइगु थें, मूर्खपिसं भतिभति यायां आपालं पाप मुंकी ।

पापवग्गो ।। ६ ।।

(दँ २५, ल्याः ४ पाखें कथहं)

विधुर महाजातक

पुण्णकयात साधु नरधर्म कंगु

– भिक्षु अनिरुद्ध महास्थविर

पुण्णकं धाःगु खँ बोधिसत्त्वं न्यनाः बिचाःयात कि ' विमलादेवीयात जिगु नुगःचुं यायेमाःगु ज्या छुं दु थें मच्वं । वरुण नागराजं जिगु धर्मदेशना न्यनाः थःगु गःपतय् कोहायातःगु मणि व रत्नं जितः पूजा यानाः नागलोकय् वंगु बखतय् जि देशना यानागु धर्मयागु प्रशंसा नागपरिषद्पिनि दथुइ यानाब्यूगुलि विमलादेवीं जिगु धर्मदेशना न्यनेगु इच्छा जुयाः तप्यंक जितः नागलोकय् हयाब्यु धकाः धाये मछालाः छगू उपाय परियायरूपं धाःगु खँयात थ्व बुद्धि मदुह्म पुण्णक राक्षसं, नागराजां अह्रय् याःगु ज्यायात थ्वीके मफयाः थथे जितः स्यायेत संगु ज्वीमाः । थ्व राक्षसं जितः आपाः सासना यानाः दुःख बी धुंकल । प्रज्ञावान्पिनिगु स्वभाव समय, अवसर मवःतले व ज्यायात प्रकट याइमखु, अवसर थ्यंकःवल धायेवजक व ज्यायात बांलाक सफल ज्वीक सिद्ध यानायंकेगु हे विद्वान् प्रज्ञावान्पिनिगु स्वभाव खः । जि छह्म विद्वान् प्रज्ञावान्ह्म व्यक्ति ज्वीकं नं थ्व पुण्यकया ह्लाःति सिनावने माल धाःसा जि गनं छह्म प्रज्ञावान्ह्म व्यक्ति ज्वी फै ? आः थथे हे पुण्णकयात जिगु शक्ति बल सीके बीमाल ।" धकाः मतिइ थ्वीकाः, "भो माणवकजु ! छं साधु नर धंगु धर्मयात स्यूला ? जि सिनावने न्हाः हे थ्व पर्वतया च्वकाय् च्वनाः थ्व धर्मयात न्यनाका । अले लिपा छं गथे याये माल अथे या ।" धकाः 'साधु नरधर्म' यात देशना यानाः थःगु जीवनयात सुरक्षा याना काये ।" धकाः थःगु छंचयात क्वय् कोछुका तयेक तयेकं हे, "भो कच्चायन माणवक ! जितः याकनं हे छं छचं च्वय् तुति क्वय् लाकाः तस्वाकि । यदि छंत जिगु नुगःचुयागु धाथें हे आवश्यक जुयाच्वंगु खत धाःसा सकल सत्पुरुषपिसं आचरण यायेमाःगु, सीकेमाःगु 'साधु नरधर्म' यात जिं आः थथें हे छंत स्पष्ट ज्वीक कनाबो, जितः भवा झासुलिंकाः आराम याये ब्यु ।" धकाः धायेव पुण्णकं, "महामन्त्रीजुं उक्त धर्मयात देवतापि व मनुष्यतय्त देशना मयाःनि थें च्वं, तुरन्त महामन्त्रीजुयात झासु लिंकाः आराम बियाः आराम ज्वीव 'साधु नरधर्म' यात न्यनाकाये माल धकाः विचार यानाः बोधिसत्त्वयात तुति च्वीकाः ल्ह्वनाः बुयायंकाः पर्वतया च्वकाय् फेतुकाः– "भो महामन्त्रीजु ! जि छःपिन्त पर्वतया जोलं थकयाः पर्वतया च्वकाय् फेतुकाबीधुन । छःपिनिगु नुगःचु जितः आवश्यक जुयाच्वंगु दु । सकल सत्पुरुष विद्वान्पिनिगु 'साधु नरधर्म' यात बाकि मज्वीक जितः

ग्राः थथें हे स्पष्ट ज्वीक कनाबिज्याये माल" धकाः धायेव बोधिसत्त्वं "भो माणवक जु ! छं जितः स्यानाः जिगु नुगःचु लिकयायंकेमाःगुलि यानाः पर्वतया गालं थकयाः जिगु 'साधु नरधर्म' न्यनेया लागी जितः छं पर्वतया च्वकाय् फेतुकल । जि छंत उक्त धर्मयात स्पष्टरूपं कनाबी तर ग्राः थथें जिगु शरीरय् चःति भुसुभुसु वयाः चा व धुलं किनाः फोहर जुयाः अशुद्ध जुयाच्वन । थज्याःगु अशुद्धगु फोहर जुयाच्वंगु शरीरं उक्त उत्तमगु धर्मयात कने योग्य मजू । जितः ह्लाःगलाक मो छकःनि ल्हुकि ।" धकाः धायेव पुण्णकं "अथे जूसा ज्यू असल जुल" धकाः धयाः मोल्हुकेत लः कयाहयाः बोधिसत्त्वयात मोल्हुकल । मोल्हुके धुंकाः दिव्यवस्त्रं पुंकाः दिव्य स्वां सुगन्ध आदि छाय्पाः दिव्य भोजन याके धुंकाः तिसा वसतं तीके धुंकाः कालागिरि पर्वतया च्वकाय् धर्मदेशना यायेगु धासय् लासा लायेकेबियाः छाय्पे बीधुंकाः अन उगु धासय् बुद्धलीला थें हे प्रभावित यानाः धर्मासनय् मुलपतिथ्यानाः फेतुनाः 'साधु नरधर्म' यात देशना यानाबिज्यात ।

(कथहं)

—●—

(चिनाखँ)

नारी नं छम्ह मनू खः

— अनगारिका माधवी

निसाहसी ज्वीमते नारी,
समाजया छह्म रत्न ज्वीगु स्व ।
धुरंधर विद्वान् ह्म जुयाः,
समाजया इज्जत तयेगु स्व ।।

सुका ज्वीमते केवल मुलुया,
देशया सुका जुयाः माःहनेगु स्व ।
देशया अंश्यारी जुयाः,
नारी नं छह्म मनू ज्वीगु स्व ।।

प्राचीनकालय् आखः मसयाः,
कुनीति जुल मिसापिन्त जक स्व ।
परिवर्तन हयेनु प्राचीन नीतिइ,
भिगु नीति धाक्व मिसापिन्त ।।

ज्वीमते नारी निसाहसी,
दु झीके नं क्वाःगु हि स्व ।
समाजया जिम्मेवारी झीके दु,
जुइमाः झीपिं भिपिं स्व ।।

नैतिकताय् कुलि चिनाः,
समाजया सुधार यायेगु स्व ।
नरक व स्वर्ग यायेगु समाज,
न्ह्यःने दु हि झीगु ह्लाःतिइ स्व ।।

ज्ञानी गुनी झीपिं जुयाः,
मां-बौया ह्लाय् तयेगु स्व ।
भुतूपिवाः ज्वी झी गात,
देशया पिवाः जुइगु स्व ।।

बुद्धं क्वंगु सन्मार्ग लिनाः,
सकसित नमुना क्यनेगु स्व ।
गौतमी, विशाखापिसं थें,
अमर कीर्ति तयेगु स्व ।।

ज्वीमते नारी निसाहसी,
देश उन्नति यायेगु हक दु झीके ।
माया ममताय् भुलय् जुयाः,
जीवन व्यर्थं फुके मते छं ।।

(नेपालीभाषा)

बुद्धपूजा

२०५४ भाद्र २, काठमाडौं–

यहाँको आनन्दकुटी विहारमा प्रत्येक प्रहिनाको पूर्णिमाका दिन हुँदै आएको बुद्धपूजा सम्पन्न भयो। उपसंघमहानायक भिक्षु अनिरुद्ध महास्थविरसमक्ष शील प्रार्थना भई शुरू भएको बुद्धपूजामा भिक्षु कुमारकाश्यप महास्थविरबाट धर्मचक्र विषयमा धर्मदेशना गर्दै अशोकका गुरु मोग्गलिपुत्ततिस्सको पालामा बनाइएको उक्त धर्मचक्र चिह्नमा २४ वटा धर्सा हुनुपर्ने र प्रतीत्यसमुत्पादको अनुसार दुःख १२, निरोध १, भव ३ र मार्ग ८ गरी २४ वटा धर्सा राखिएको तथा बुद्धधर्मको मूल सिद्धान्त बुझ्नुपर्ने धर्म बुद्धधर्म हो र अन्धविश्वासले मार्गफल प्राप्त नहुने कुरा स्पष्ट गर्नुभएको थियो। अन्तमा पुण्यानुमोदन गरी सिध्याइएको उक्त पूर्णिमाको कार्यक्रममा बुद्धजयन्ती समारोह समितिबाट जलपान एवं भोजनदान गरिएको थियो।

अमृत दिवस मनाइयो

२०५४ भाद्र १७, काठमाडौं–

दिवंगत आचार्य भिक्षु डा. अमृतानन्द महास्थविरको सातौं वर्षको पुण्यतिथिको स्मरण गर्दै गुणानुस्मरण दिवस यहाँको आनन्दकुटीविहारमा भिक्षु अनिरुद्ध महास्थविरको सभापतित्वमा मनाइयो। बुद्ध पूजा एवं शीलप्रार्थनाबाट शुरू गरिएको उक्त कार्यक्रममा बोल्नुहुँदै भिक्षु अनिरुद्ध महास्थविरले भन्नुभयो–दिवंगत भिक्षु धम्मालोक महास्थविरले यस आनन्दकुटीविहारको स्थापना गर्नुभयो भने यसको श्रीवृद्धि एवं व्यवस्थित गर्ने कार्य दिवंगत आचार्य भिक्षु डा. अमृतानन्दबाट भएको थियो।"

कार्यक्रममा ज्ञानमाला भजन खल: स्वयम्भूका अध्यक्ष शान्तरत्न शाक्य, इतिहासविद् भुवनलाल प्रधान, थेरवाद बौद्ध दायक केन्द्रीय परिषद्का सदस्य लोकबहादुर शाक्य तथा जनजातिको तर्फबाट रामलगन चौधरीले दिवंगत भिक्षुको बारे आ-आपना मन्तव्य दिनुभएको सो कार्यक्रममा आनन्दकुटीविहारगुठीका सदस्य तीर्थनारायण मानन्धरले धन्यवाद ज्ञापन, अष्टमुनि गुभाजुबाट कार्यक्रम संचालन भएको थियो भने विहारगुठीका तर्फबाट भिक्षुसंघ, अनगारिकासंघ एवं उपासक उपासिकाहरूलाई जलपान तथा भोजन दान गरिएको थियो।

स्मारिका विमोचन

२०५४ भाद्र ७, काठमाडौं–

यहाँको विजयेश्वरी, बैलोचनतीर्थस्थित जिनसंघविहारमा गत असार २३ गतेदेखि २७ गतेसम्ममा सम्पन्न गरिएको प्रव्रज्यासम्वरको उपलक्ष्यमा प्रकाशित स्मारिका 'प्रव्रज्यासंवर' (भिक्षुलुये लुमंका २) को विमोचन काठमाडौं महानगरपालिकाका मेयर केशव स्थापितबाट सम्पन्न भयो। सोबेला जनजीवनलाई नभई नहुने पानी, सरसफाई आदि जस्ता कुरामा धार्मिक संस्था संवेदनशील हुनुपर्छ र त्यसो भइदिएको खण्डमा कुनै समस्या नभएको कुरा वहाँले बताउनुभयो।

महासचिव बुद्धरत्न वज्राचार्यले स्वागतभाषण, नरेशमान वज्राचार्यले स्मारिकासम्बन्धी मन्तव्य, 'प्रवृज्यासंवर' का सम्पादक फणीन्द्ररत्न वज्राचार्यले धन्यवादज्ञापन गरिएको सो बेला संघका अध्यक्ष एवं सभापति पं. बद्रीरत्न वज्राचार्यबाट शीलप्रार्थना, षट्-पारमितास्तोत्रपाठ गराउनुभई आफ्नो मन्तव्य पनि व्यक्त गर्नुभयो र उक्त कार्यक्रम राजेन्द्रमान वज्राचार्यले संचालन गर्नुभएको थियो ।

पंचदानसमारोह

२०५४ भाद्र १४ गते, काठमाडौं–

नेपाली महायानी बौद्धहरूले विशेषरूपमा मान्दै आएको पंचदानपर्वको महत्व र बुद्धधर्मका पाठशाला-हरू विषयमा यहाँको नेपाल बौद्धसमाजले आयोजना गरेको समारोहमा राष्ट्रिय प्रजातन्त्र पार्टीका सह-अध्यक्ष राजेश्वर देवकोटाले प्रमुख अतिथिको आसनबाट भन्नु-भयो, "बुद्धभन्दा पहिले नै उनका भनाइका कुरा व्यक्त भइसकेका थिए । उनले तो कुरालाई क्रमबद्ध र वैज्ञा-निकरूपमा प्रस्तुत गरी आफूले पनि ग्रहण गरें र अरूलाई पनि ग्रहण गराएका थिए । यही नै बुद्धको देन हो ।"

सोबेला सभापतिको आसनबाट समाजका संस्था-पक एवं अध्यक्ष प्रेमबहादुर शाक्यले भन्नुभयो– "नेपाली राजनीति र शासनमा एक जमाना थियो, जुनबेला थेरवाद भन्नासाथ देश निकाला गर्ने र महायान, वज्र-यानलाई स्थान दिइएको थियो। यसो गर्नुको मतलब वज्रयान हिन्दूधर्मसंग मिल्ने कर्मकाण्डी थियो । त्यस्तो कर्मकाण्डले बुद्धधर्मको दर्शनलाई नै पर पन्छाइदिएको थियो । बुद्धको दर्शन मानिसको बौद्धिकस्तर अनुसारको छ । यो सरलभन्दा सरल र कठिनभन्दा कठिन पनि छ।

सुवर्ण शाक्यद्वारा संचालित र समीक्षाकृत सो समारोहमा भू. पू. मन्त्रीहरू शैलेन्द्रकुमार शर्मा, नागे-श्वरप्रसाद सिं, डा. केशरजंग रायमाझी एवं समाजसेवी शान्ता श्रेष्ठ भू. पू. सार्क समितिका महासचिव यादव-कान्त सिलवाल, स्वामी सच्चिदानन्द विश्वदेव, श्री ठाकुरले बुद्धधर्म र बौद्धिक विचारधारालाई आ-आफ्नो मन्तव्यमा व्यक्त गर्नुभएको थियो ।

सोही बेला प्रेमबहादुर शाक्यद्वारा रचित एवं श्रीराम आचार्यद्वारा संगीतबद्ध गरिएको एवं शान्तरत्न शाक्यबाट रचित एवं पूर्णबहादुर शाक्यबाट संगीतबद्ध गरिएका बौद्धगानहरू गाइएका थिए । समारोहको शुरूमा भिक्षु सुमेध र लामागुरु पासांग थिलेबाट बौद्ध मंगलपाठ भएको थियो ।

धर्मदेशना

२०५४ भाद्र २, काठमाडौं–

धर्मोदय सभाको आयोजनामा धर्मदूत तथा प्रवचन समितिको संचालनमा संचालित पूर्णिमाको धार्मिक प्रवचनमा आफ्नो विचार व्यक्त गर्दै धर्मदेशक भिक्षु सुदर्शन महास्थविरले भन्नुभयो– "आजकल पुराना विचारधारा अनुसारको तिथिमिति अनुसार हुने मंगल अमंगलप्रति आजका मानिसले पत्याउन छाडेको छ । ३८ प्रकारका मंगलको विषयमा भगवान् बुद्धले बताउनु भएको छ जुन आज पनि सार्वजनिक रूपमा छ । आज-को व्यस्त जीवनमा तिथिमिति, बारमा यो गर्नुहुन्छ, त्यो गर्नुहुन्न भनी पाइलापिच्छे साइत हेर्नु समयानुकूल भएन, भगवान् बुद्धको चरित्र सामयिक महत्व मात्र होइन अपितु सर्वहित नै उहाँको उद्देश्य हो ।" सभाका उपा-ध्यक्ष ओमकारप्रसाद गौचनले धन्यवाद ज्ञापन गरिएको सो कार्यक्रम संयोजक सुवर्ण शाक्यद्वारा संचालन गरि-एको थियो ।

वार्षिकोत्सव

२०५४ भाद्र ३, ललितपुर–

भिक्षु बुद्धघोष महास्थविरको सभापतित्वमा शाक्यसिंह बौद्ध परियत्ति तथा प्रौढ शिक्षालयको पन्ध्रौं वार्षिकोत्सव मनाइयो । शिक्षालयका केन्द्राध्यक्ष भिक्षु धर्मपालद्वारा स्वागतभाषण गरिएको सो बेला प्रमुख अतिथिको रूपमा मेयर बुद्धिराज वज्राचार्यले पुरस्कृत विद्यार्थीलाई प्रेरणा पुरस्कार वितरण गर्नुभएको थियो । केन्द्रका उपसचिव अनगारिका ज्ञाणवतीद्वारा वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको थियो भने वाणिज्य मन्त्रालयका सहसचिव आर. बी. वंद्यले बौद्ध परियत्ति शिक्षाको महत्त्वमाथि प्रकाश पार्नुभएको थियो ।

सीपमूलक तालिम

२०५४ भाद्र २७, कास्की–

बौद्धजगत्मा धार्मिक मूल्यका साथै सो अनुकूल आचरणमा पवित्रता कायम गर्न सीपको अभिवृद्धि गरी जीवनयापन र संस्कृतिप्रति प्रतिबद्धताको लागि सघाउ पुग्ने गर्न सीपमूलक तालिम दिने शिविरहरू संचालन गर्ने गरेको छ । महिलाहरूको सीपमा अभिवृद्धिमा एकहाते कपडाको कृत्रिम फूल बनाउने उक्त तालिममा १६ जना महिला सहभागी भएका थिए । सोको समापन समारोहमा संघका सदस्य सुभाष बुद्धाचार्यद्वारा स्वागत भाषण, संयोजक विक्रम उदासले कार्यक्रमको जानकारी एवं प्रशिक्षक सुश्री विजया श्रेष्ठले मन्तव्य व्यक्त गर्नुभएको थियो । भिक्षु श्रद्धानन्दसमक्ष पंचशील प्रार्थना गरी शुरु भएको सो बेला प्रमुख अतिथिको आसनबाट धर्मोदय सभा कास्कीका अध्यक्ष हरिध्वज तुलाचनबाट सहभागीहरूलाई प्रमाण–पत्र वितरण गर्नुभएको थियो । सो समारोह सन्देश उदासद्वारा संचालित एवं संघका अध्यक्ष उत्तममान बुद्धाचार्यद्वारा धन्यवाद ज्ञापित थियो ।

त्यस्तै त्यहाँ बुद्धधर्मसँग सम्बन्धित संघसंस्थाका ४१ जनालाई संघका सल्लाहकार विश्व शाक्यद्वारा तालिम प्रदान गर्नुको साथै बिलबहादुर गुरुङ र सविना प्रधानले प्रभावकारी तालिमको विषयमा मन्तव्य व्यक्त गर्नुभएको थियो । प्रकाश उदासद्वारा संचालित सो बेला ज्ञानमाला संघका अध्यक्ष कृष्णमान गुभाजुद्वारा मन्तव्य एवं सभापतिको आसनबाट युवा बौद्ध संघका अध्यक्ष उत्तममान बुद्धाचार्यद्वारा धन्यवाद ज्ञापन भएको थियो ।

अमृतदिवस सम्पन्न

२०५४ भाद्र ५, रूपन्देही–

अन्तर्राष्ट्रिय बौद्ध समाजको आयोजनामा यहाँको बुद्धनगर लुम्बिनीमा समाजका संस्थापक अध्यक्ष भिक्षु मैत्रीको सभापतित्वमा दिवंगत आचार्य भिक्षु अमृतानन्द महास्थविरको पुण्यस्मृतिमा सातौं गुणानुस्मरण दिवस सम्पन्न भयो ।

प्रमुख जिल्ला अधिकारीको प्रमुख आतिथ्यमा सो समारोहमा सत्यनारायण मल्लिक, रामकृष्ण ताम्राकार, बाबूराम राना, लक्ष्मीनाथ अधिकारीद्वारा मन्तव्य व्यक्त गर्नुभएको थियो । सो बेला 'अमृताञ्जली' वृत्तचित्र पनि प्रदर्शन गरिएको थियो ।

बुद्धपूजा

२०५४ कार्तिक १०, नुवाकोट–

यहाँको त्रिशूलीस्थित सुगतपुर बुद्धविहारमा भिक्षु विवात तेजबोधसमक्ष शीलप्रार्थना गरी बुद्धपूजा सम्पन्न गरेको छ । उक्त विहारमा वर्षावास बस्नुभएका थाइलैण्डका भिक्षु विवात तेजबोधलाई उपासक उपासिकाद्वारा अष्टपरिष्कार प्रदान गरिएको सो बेला सुगत

बौद्ध मण्डलका अध्यक्ष बोधिरत्न शाक्यले निगन्थनाथ पुत्रहरूको अववादलाई मर्दन गर्न शाक्यमुनिले ऋद्धि-प्रातिहार्य देखाउनुभएको कुरामाथि प्रकाश पार्नुभयो ।

वार्षिक साधारण सभा सम्पन्न

२०५४ भाद्र २१, काठमाडौं–

धर्मोदय सभाको २०५३ सालको वार्षिक साधारण सभा कीर्तिपुरस्थित श्रीकीर्तिविहारमा सम्पन्न भयो ।

धर्मोदय सभाको केन्द्रीय सल्लाहकार समितिका सभापति भिक्षु सुदर्शन महास्थविरबाट बुद्ध प्रतिमामा माल्यार्पण तथा पानसमा बत्ती बाली समुद्घाटन भएको उक्त साधारण सभाको सभापतित्व सभाका कार्यवाहक अध्यक्ष लोकदर्शन वज्राचार्यले गर्नुभएको थियो ।

तीन सत्रमा विभाजित कार्यक्रमको पहिलो सत्रमा समुद्घाटन कार्यक्रमपश्चात् थेरवाद परम्परानुसार शीलप्रार्थना भिक्षु सुमंगल महास्थविरबाट, वज्रयान परम्परानुसार स्वस्तिवाचन पण्डित बद्रिरत्न वज्राचार्यबाट, महायानी परम्परानुसार बुद्धप्रार्थना लामागुरुहरूबाट भएको थियो ।

त्यसपछि स्वागतभाषण गर्नुहुँदै महासचिव डा. त्रिरत्नमान तुलाधरले नेपाल भ्रमण वर्ष १९९८ मा धर्मोदय सभाले सक्दो योगदान दिने जानकारी दिनुभयो । गत वर्षदेखि सरकारबाट आर्थिक अनुदान प्राप्त नभएकोमा दुःख व्यक्त गर्दै उहाँले श्री ५ को सरकारको तर्फबाट बौद्ध जगतलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा धार्मिक शोषण गरेको विचार प्रकट गर्नुभयो र लुम्बिनीलाई विश्व सम्पदा सूचीभित्र राखिएकोमा श्री ५ को सरकारमा कृतज्ञता प्रकट गर्नुका साथै लुम्बिनी क्षेत्रमा चाँडै अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न जोडदिनुभयो ।

त्यसरी नै उपाध्यक्ष ओम्कारप्रसाद गौचनले आफ्नो मन्तव्यको क्रममा मायादेवी मन्दिरमा रहेको मूर्तिको दुरावस्थाले विदेशीहरू दुखित भएको, धर्मोदय सभाले लुम्बिनीको शान्ति सुरक्षाको राम्रो व्यवस्था गर्न पटक पटक माग गर्दा बेवास्ता गरिएको, त्यसकै कारण जापानी बौद्ध भिक्षुको हत्या भएको विचार प्रकट गर्नुभयो । त्यस्तै हिन्दूहरूको चाड तीज भएको कारण प्रत्येक शुक्रबार नेपाल टी. भी. बाट प्रसारण हुने बौद्ध कार्यक्रमलाई प्रसारण नगरिएकोमा दुःख प्रकट गर्नुभयो ।

त्यस्तै श्रीलङ्काका राजदूत तथा चीनिया राजदूतका प्रतिनिधि पनि उपस्थित भएको उक्त सभामा थाइलैण्डका का. वा. राजदूत प्रेचा पिटिसान्तले अन्य धर्ममा भन्दा बुद्धधर्ममा माया, दया र करुणाको विशेष महत्त्व भएको र यही नै बुद्धधर्मको मूल सार रहेको विचार प्रकट गर्नुभयो ।

प्रमुख अतिथिको आसनबाट भिक्षु सुदर्शन महास्थविरले नेपालबाट निकालिएका भिक्षुहरूसमेत मिली उ. चन्द्रमणि महास्थविरको अध्यक्षतामा भारतको सारनाथमा गठित धर्मोदय सभाले शुरुमा थेरवादलाई मात्र प्रचार प्रसार गर्ने उद्देश्य राखिएतापनि समय र परिस्थितिअनुसार महायान र वज्रयानसमेत सङ्गालो त्रियानको प्रचार प्रसारमा लागेको र प्रत्येक २–२ वर्षमा राष्ट्रिय सम्मेलन गरिँदै आएको कुरा प्रकाश पार्नुभयो । लुम्बिनी क्षेत्रमा रहेको ५८ पुरातात्त्विक क्षेत्रहरूमा व्यापक उत्खनन् गरिनुपर्ने र त्यसबाट प्राप्त पुरातात्त्विक सामाग्रीले नै त्यहाँको वास्तविक इतिहास छर्लङ्ग हुनेछ भन्नुहुँदै देवदह रामग्रामबारे श्री ५ को सरकारले कुनै सामाग्री प्रचार प्रसार नगरेकोमा दुःख प्रकट गर्नुभयो ।

सभाका का. स. धर्मकुमार हलवाईले धन्यवाद

ज्ञापन गर्नुभयो। उक्त कार्यक्रमको संचालन सभाका सचिव बुद्धरत्न वज्राचार्यले गर्नुभएको थियो।

साधारण सभाको मूल कार्यक्रम दोस्रो सत्रमा स्वागतभाषण गर्नुहुँदै सभाका उपाध्यक्ष तथा राजपरिषद् सदस्य कनकमान शाक्यले ५४ वर्ष अगाडि भारतमा स्थापना भएको धर्मोदय सभा २००८ सालमा काठमाडौंको श्रीघःविहारमा कार्यालय स्थापना गरी २०१३ सालमा चौंठो विश्व बौद्ध सम्मेलन र २०४३ सालमा १५ औं विश्व बौद्ध सम्मेलन तथा ५ वटा राष्ट्रिय सम्मेलनहरूको आयोजना गरिसकेको इतिहास बोकेर धर्मोदय सभाले धर्म निरपेक्षताको आन्दोलन तथा हालै लुम्बिनीमा बौद्ध भिक्षु नावात मेको हत्याको विरोधमा 'बौद्ध भिक्षु नावातामे हत्या विरुद्ध संघर्ष समिति २०५४' मा प्रमुख रूपमा सहभागी भै काठमाडौंमा विशाल शोक पदयात्रा तथा शोकसभा गरिएको जानकारी दिँदै वहाँले भविष्यमा पनि आवश्यकतानुसार सभाले कार्यक्रम दिँदै जाने कुरा बताउनुभयो।

महासचिव डा. विरत्नमान तुलाधरले २०५३ सालको गतिविधिको प्रतिवेदन तथा २०५४ सालको हालसम्मको विवरण तथा कोषाध्यक्ष लक्ष्मीदास मानन्धरले २०५३ सालको आर्थिक प्रतिवेदन पेश गर्नुभयो।

उक्त सत्रमा धर्मोदय लुम्बिनीविहार तथा गुम्बा निर्माण समन्वय समितिका सचिव पद्मज्योतिले लुम्बिनीमा धर्मोदय सभाले बनाउँदै गरेको विहार गुम्बा महाविहार तथा स्वयम्भूस्तुप बारे हालसम्मको विवरण प्रस्तुत गर्नुहुँदै धर्मोदय सभाले लुम्बिनी विकास कोषसँग सर्वप्रथम नेपालको तर्फबाट विहार बनाउने सम्झौता तथा अन्य देशहरूले पनि सम्झौता समेत गरेर निर्माण कार्य पूरा गरियो तर धर्मोदय सभाले उल्लेखनीय देखिने कार्य सम्पन्न गर्न नसकेको र गरेको कार्य पनि जमीन भित्रमात्र सीमित भएको छ भन्नुहुँदै उहाँले हालसम्म निर्माण कार्यमा ३५ लाख र प्रशासनिक कार्यमा ४ लाख गरी ३९ लाख खर्च भइसकेको र यस रकमबाट स्वयम्भू स्तूपको जग मात्र हाल्न सकेको र थप ८५ लाख जम्मा भएपछि सो चैत्यको निर्माण कार्य पूरा हुनेछ भन्नुभयो।

तत्पश्चात धर्मोदय सभाका ३३ शाखाहरूमध्ये साधारण सभामा उपस्थित २५ शाखाहरूमध्येबाट १६ शाखाहरूबाट वार्षिक प्रतिवेदन तथा सुझाव पेश भएको थियो। त्यसपछि सदस्य तथा शाखाहरूको जिज्ञासाको उत्तर का. वा. अध्यक्ष, महासचिव तथा कोषाध्यक्षबाट दिइएको थियो। साथै आर्थिक वर्ष २०५४को लागि कैलाशपतीन्द्र अमात्यलाई लेखा परीक्षकको रूपमा नियुक्ति गरिएको थियो।

सभाका का. का. स. सुवर्ण शाक्यबाट संचालन भएको उक्त कार्यक्रमको तेस्रो सत्रमा अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरमा भएका बुद्धधर्मसँग सम्बन्धित बौद्ध गतिविधि तथा नेपालका बौद्धहरूले गरिनुपर्ने आवश्यक कार्यको छलफल गर्नुका साथै श्री ५ को सरकारलाई लुम्बिनीसँग सम्बन्धित २५ सूत्रीय माग पूरा गर्न ध्यानाकर्षण गरिने निधो गरियो।

उक्त २५ सूत्रीय माग मध्येका केही मागहरू यसप्रकार छन्—

लुम्बिनीमा भइसकेका उत्खनन् कार्यहरूको रिपोर्ट तुरुन्त प्रकाशित गरिनुपर्ने, अन्तर्राष्ट्रिय विमानस्थल बनाउनुपर्ने, बौद्ध विद्यालय तथा विश्वविद्यालय बनाउनुपर्ने, मायादेवी मन्दिर उपयुक्त व्यक्तिको रेखदेखमा राखिनुपर्ने, चक्रपथ बनाउनुपर्ने, लुम्बिनी ग्रामक्षित्र अस्थायी यातायात तथा सडक बत्ती तथा शौचालय राखिनुपर्ने, प्रवेशद्वारनिर काठेपुलको सत्ता राम्रो पूल बनाउनुपर्ने, ५ वर्षे योजना लागू गर्नुपर्ने,

सुरक्षा प्रहरीको व्यवस्था गरिनु पर्ने, निर्माण सामग्रीमा करमुक्त हुनुपर्ने, लुम्बिनी विकास कोषको बजेट १ करोडबाट बढाई ५ करोड पुऱ्याउनुपर्ने, कोषलाई पूर्ण स्वशासित बनाउनुपर्ने, जलस्रोतको राम्रो परिचालन तथा पारदर्शिता हुनुपर्ने, कार्य अनुगमन तथा सिंहावलोकनको व्यवस्था हुनुपर्ने, लुम्बिनी विकास कोषलाई सहयोग गर्ने समूहको गठन गरिनुपर्ने, नवलपरासी स्थित रामग्रामको हुलाक टिकट प्रकाशन गरिनुपर्ने, लुम्बिनीमै मायादेवीको नाउँमा प्रसूतिगृह निर्माण गरिनुपर्ने, कपिलवस्तुमै कार्यालय स्थापना गरी तिलौराकोट गोतिहवामा उत्खनन गरिनुपर्ने, भिक्षु नावातामेको मुख्य हत्यारालाई यथाशक्य नेपालमा ल्याएर तुरुन्त कार्वाही गरी त्यसको जानकारी जनसमक्ष ल्याउनुपर्ने आदि ।

बौद्ध प्रशिक्षण शिविर

२०५४ आषाढ ७ ,कास्की–

युवा बौद्ध संघ पोखराले बुद्धधर्म प्रचार प्रसारमा लागेका विभिन्न विहार, गुम्बा तथा संघसंस्थाहरूको बीचमा समन्वयको वातावरण राखी बुद्धधर्मलाई अझ सुव्यवस्थित तथा वैज्ञानिक तरीकाले प्रचार प्रसार गर्न सघाउ पुगोस् भन्ने उद्देश्यले जेठ ६ गतेदेखि पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखराको सभाकक्षमा १४ दिने युवा बौद्ध प्रशिक्षणको आयोजना गऱ्यो । हिमाली बौद्ध शिक्षण संस्थाको सौजन्यमा युवा बौद्ध संघद्वारा आयोजना गरिएको उक्त प्रशिक्षण शिविरको उद्घाटन समारोह जेठ १६ गते आइतबार दायक सभाका सचिव कृष्णमान गुभाजुद्वारा उद्घोषण गर्नुभएको सो समारोहमा अध्यक्ष उत्तममान बुद्धाचार्यले स्वागतभाषण गर्दै बौद्धहरूलाई गहन रूपले बौद्ध सिद्धान्त, आदर्श र सदाचार बारे जानकारी गराउने प्रशिक्षण शिविरको लक्ष्य रहेको कुरा बताउनुभयो । पृथ्वीनारायण बहुमुखी क्याम्पसका प्रमुख वीरेन्द्रसिंह गुरुङले दीप प्रज्वलन गरी शिविरको उद्घाटन गर्नुभएको थियो ।

त्यसैगरी हिमाली बौद्ध शिक्षण संस्थाका अध्यक्ष तथा अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष भिक्षु सुदर्शन महास्थविरसमक्ष पञ्चशील प्रार्थनापछि बहाँले प्रशिक्षण शिविरको महत्त्वमाथि प्रकाश पार्नुभएको थियो । भिक्षु सुदर्शन महास्थविरद्वारा बुद्धजीवनीमाथि एवं धर्मोदय सभा कास्की शाखाका अध्यक्ष बिलबहादुर गुरुङले पोखरामा बुद्धधर्म विषयमा जानकारी दिनुभयो । जेठ १६ गतेदेखि ३१ गतेसम्म संचालन भएको उक्त युवा बौद्ध प्रशिक्षण शिविरका निम्नानुसारका व्यक्तिहरूले प्रशिक्षण गर्नुभएको थियो ।

१) भिक्षु सुदर्शन महास्थविरबाट बुद्ध जीवनी, नेपाल, श्रीलङ्का, बर्मा र थाइलैण्डमा बुद्धधर्म, बौद्ध भिक्षु संघ, बौद्ध चाडपर्व, लुम्बिनीको परिचय र बौद्ध दर्शनसम्बन्धमा । २) अनगारिका सुजाताबाट शील, सदाचार, बैशाख, जेठ, आषाढ र माघपूर्णिमा विषयमा, ३) बिलबहादुर गुरुङद्वारा पोखरामा बुद्धधर्म विषयमा, ४) प्रा. जगमान गुरुङबाट बौद्धकला र बौद्ध वास्तुकला सम्बन्धमा, ५) गेहेन्द्रमान उदास पोखरेलीद्वारा हिन्दू अधिराज्य नेपाल सम्बन्धमा, ६) प्रकाशमान गुभाजूद्वारा जापानमा बुद्धधर्म विषयमा, ७) प्रा. सुवर्ण शाक्यबाट बौद्ध संगायना र बौद्ध संस्कार विषयमा, ८) विश्व शाक्यबाट बौद्ध साहित्य विषयमा, ९) तिलकमान गुभाजूबाट कपिलवस्तुको परिचय सम्बन्धमा, १०) भिक्षु श्रद्धानन्दबाट बुद्धधर्म सम्बन्धमा, ११) कृष्ण गुरुङबाट गुरुङ जनजातिको परिचयमा र १२) लोकबहादुर थापामगरबाट मगर जनजातिको परिचय विषयमा ।

पोखराका बुद्धधर्मसँग सम्बन्धित संस्थाहरूबाट

१३ जना महिलाहरूसहित ७० जना प्रतिनिधिहरू सो प्रशिक्षण शिविरमा सहभागी भएका थिए र धाग्यालिङ्ग गुम्बाका टुल्कु लोप्साङ जाम्पाङको प्रमुख आतिथ्यमा भएको समापन समारोहमा सहभागीहरूलाई प्रमाण–पत्र वितरण गरिएको थियो ।

रक्तदान कार्यक्रम सम्पन्न

२०५४ आषाढ ८, कास्की–

२५४१ औं बुद्ध जयन्तीको उपलक्ष्यमा युवा बौद्ध संघ पोखराले धर्मशीला बुद्धविहार नदीपुरमा जेष्ठ ६ गते बिहान ७ बजेदेखि रक्तदान कार्यक्रमको आयोजना गऱ्यो । ९३ वर्षीय वृद्ध भिक्षु सुभद्रसमक्ष पञ्चशील प्रार्थनापछि संघका अध्यक्ष उत्तममान बुद्धाचार्यले रक्तदान कार्यक्रमको महत्त्व माथि प्रकाश पार्नुभएको थियो । १२ जना महिला र ४८ जना पुरुष गरी जम्मा ६० जना व्यक्तिहरूले सो अवसरमा रक्तदान गरेका थिए । १८ वर्षदेखि ४८ वर्ष उमेर पुगेका रक्तदाताहरूमध्ये ३५ वर्षीय इच्छामान बुद्धाचार्यले अहिलेसम्म २३ पटक रक्तदान गरेको जानकारी पनि गराइएको थियो । कार्यक्रमको अन्तमा रक्तदाताहरूलाई प्रमाणपत्र पनि प्रदान गरिएको थियो । सोही अवसरमा दीपयात्रा पनि गरिएको थियो ।

जापानी भिक्षुको हत्याभएबाट इतिहासकार विकर्तव्यविमूढ

२०५४ आषाढ २२, काठमाडौं–

लुम्बिनीमा भगवान् बुद्धको शान्ति सन्देश अनुरूप विश्वशान्तिस्तूप निर्माण कार्यमा संलग्न जापानी भिक्षु युनाताका नावातामेको हत्या भएको समाचार अवश्य पनि अतीव दुःखदायी हुन्छ तर आफूलाई शोकको साथसाथै पहिले पहिलेका ऐतिहासिक घटनाहरूको सम्झना उर्लेर आउँदैछ भनी जापानी भिक्षुको हत्या भएकोमा इतिहासकार भूतपूर्व मन्त्री भुवनलाल प्रधानले आफू किंकर्तव्यविमूढ भएको कुरा बताउनुभएको छ ।

लिच्छवीकालमा शक सं. ४६२ अगाडि सत्तामा रहेका अनुपरम गुप्तले बौद्ध धर्मावलम्बीहरूलाई जथाभावी गालीगलौच गरेर अभिलेख कुँदाएको शिलास्तम्भ आज पनि हाँडीगाउँ सत्यनारायण स्थानमा खडा नै छ भनी वहाँले निम्न आफ्ना कुराहरू सन्दर्भको रूपमा बताउनुभएको छ–

१. ललितपुरका एकजना मल्ल राजाले कुम्भेश्वरस्थित एउटा बहालको १२०० रोपनी जग्गा त्यसै हडप गरेको चर्चा इतिहासमा भेटिन्छ । त्यस्तै काठमाडौं गणबाहाल र गणबहिलको धेरै जग्गा ओगटेर भीमसेन थापाले आफ्नो दरबार बनाएका थिए ।

२. राणा सरकारको शासनकालमा सं. १९८१ साल र सं. २००१ सालमा दुई पटक बौद्धधर्म प्रचार गरेको भन्ने अपराधमा भिक्षुहरू देशबाट निकालिएका थिए ।

३. सं. २०३१ साल श्रावण ३१ गते पोखराको अनदु डाँडामा बनाइएको चैत्य बिना अनुमतीले बनाइयो भन्ने बिङ्गो थापेर यस हिन्दू अधिराज्यका प्रहरीहरूले बूटैबूटले हान्दै चैत्य भत्काएर बुद्धमूर्ति बरामद गरेर लगेका थिए ।

४. सं. २०५० साल असार २३ गते राति आनन्दकुटी, श्रीलङ्काचैत्यमुनिबाट बुद्धअस्थि चोरियो जुन त्यस ठाउँबाट गोप्य रूपले बाहिर ल्याइएपछि एकदम बिनामूल्य र बिना महत्त्वको भइहाल्ने भएकोले पैसाको लागि चोरियो भन्न मिल्दैन ।

५. सं. २०५१ साल वैशाख ७ गते ज्ञानमाला भजन खलःको स्वयम्भू चैत्यको प्रतिक चोरिएकोमा अहिलेसम्म अपराधीहरू पत्तो लागेको छैन ।

६. सं. २०५३ सालमा लुम्बिनी विकास कोषकै दुइजना कर्मचारीले लुम्बिनीस्थित एउटा बुद्धमूर्तिको मुखमा सुँगुरको मासु कोच्दै "उहिले पनि तँ यस्तै मासु खाएर मऱ्याथिइस्, ला अहिले यही घिच्" भनेका थिए ।

७. महमूद गजनीले (ई. १००१–१०२६ ताका) हिन्दुस्थान जितेपछि इ. ११९७ ताकादेखि बौद्ध भिक्षुहरूलाई "कपाल मोडेका ब्राह्मण" भन्दै दनादन मार्न थालिएको थियो ।

८. अहिले हाम्रो हिन्दू अधिराज्यमा पनि भिक्षु हत्या भएको खबर सुन्नु पर्दा म जिल्ल परें ।

९. के जापानी भिक्षुका हत्याराले हाम्रो संविधानमा एउटा धर्मलाई मात्र विशेष महत्त्व दिइएको र अरु धर्मलाई समान स्थान नदिइएको बुझेर नै यस्तो जघन्य अपराध गर्ने दुःसाहस गर्न सकेको हो कि ?

१०. यस हत्याकाण्डबारे छानबिन गर्न आयोग गठन गरिए पनि सिंहदरबार आगलागी काण्ड (सं. २०३०–३–२४, २५, २६) को कारण पत्ता नलागेजस्तै यसमा पनि हत्यारा पत्ता नलाग्ने वा हत्याको कारण पत्ता नलाग्ने भएर जाने हो कि ?

११. यस्ता यस्ता सम्झना र आशङ्का मनमा अटाई नअटाई आइरहेकोले म अहिले किंकर्तव्यविमूढ जस्तै भएको छु ।

हत्याराप्रति कार्वाहीको माग

२०५४ आषाढ २३, मकवानपुर–

मित्रराष्ट्र जापानका बौद्धभिक्षु युनाताका नावातामे जो संसारका धेरै देशमा स्तूपहरूको निर्माण सकेर बुद्धको जन्मभूमि लुम्बिनीमा विश्वशान्ति स्तूप बनाउन लाग्नुभएको थियो । जसले लुम्बिनीलाई विश्व सम्पदा सूचीमा पार्ने महत्त्वपूर्ण योगदान दिनुभएको थियो । वहाँको हत्या भएको समाचार सुनी सम्पूर्ण बौद्धधर्मालम्बीहरूसहित मर्माहत तथा आत्मग्लानीले चुरचुर हुनपुगेको कुरा धर्मोदय सभा शाखा हेटौंडाले राखेको छ । शान्तिका अग्रदूत भगवान् गौतम बुद्धको जन्मस्थलभित्र भिक्षुको कायरतापूर्ण हत्याले हत्या हुनु जुनसुकै उद्देश्यबाट भएतापनि विश्व सामु नेपाललाई बदनाम गर्ने षड्यन्त्रमूलक निन्दनीय कार्य भएको महसुस गरी त्यस शाखाले त्यस्तो जघन्य कायरतापूर्ण कार्य गर्ने नकावधारी हत्याराहरूलाई यथाशीघ्र पक्राउ गरी जनतासमक्ष सत्यतथ्य विवरण ल्याई कडाभन्दा कडा कारवाही गर्नका लागि पनि जोडदार रूपमा श्री ५ को सरकारसमक्ष माग गरेको छ ।

(नेपालभाषा)

गुंलाया भजन ज्याझ्वः क्वचाल

१११७ गुंलागा ३०, यं–

ज्ञानमाला भजनखलः, स्वयम्भू नीस्वंगु ख्वीदँ दुगु लसताय् थी थी ज्याझ्वः न्ह्याकेगु क्वःछ्यूकथं ज्ञानमाला भजनखलः स्वयम्भूं गुंला लछियंकं ह्नि छथ्वः थाय् थाय्यापिं, ज्ञानमाला भजनखलःयात ब्वतिकायेकल । आयोजकं शुरु याःगु थुगु ज्याझ्वलय् ज्ञानमाला भजनखलःत असंया अन्नपूर्ण, ह्यय्पिया पुह्निसेवा, वसुन्धरादोःया वसुन्धरा, चोबाहाःया आदिनाथ, पांगाया न्ह्याइपु, बलंबुँया बलंबुँ, ख्वपया चतुर्वर्ण, भ्वतया वांख्यः, थसिया सिद्धिपुरविहार, जेलां ख्वपया जेलां, थिमिया पाटीविहार, बरेगांया भजनसंघ, तःखोनाया लिधंसा, जलया भजनखलः, ख्वपया दोपंकर, खुसिबुँया विश्वभाषा, भार्वाच्व ख्वपया भार्वाच्व, क्वाःछेँ ख्वपया लोकेश्वर, ख्वपया महाकाली, नागबाहाःया तारेमाम, बूबाहाः यलया भजनसंघ, न्याःखाचुक यलया न्याःखाच्व, श्रीबाहाःया यलया संघ, ओकुबाहाः यलया त्रिरत्न,

अक्षेश्वर यलया त्रिरत्न, चिकंबही यलया चिकंबही ज्ञानमाला भजनखलकं ब्वतिकाःगु खः । थुगु ज्याझ्वलय् ब्वतिकाःगु खलःतयत वंगु १११८ पोहेंलाछ्व त्रयोदशी सनिवाः (२०५४ पौष २६ गते) ज्ञानमाला भजनखलःया भद्रजयन्तीया इलय् लुमन्ति त्रि लःल्हाइगु जूगु खः । उकुन्हु हे रत्नवत सिर्पा नं लःल्हाइगु खः । अथे हे वंगु बेंलाछ्व पारु कुन्हु आचार्य भिक्षु अमृतानन्द महास्थविर मदुगु ल्हय्दंतिथि कुन्हु थुगु खलकं मदुम्ह भन्तेया किपाय् स्वां, खातागा देछाया: स्मृतिदिवस नं हन ।

कार्यसमितिया न्हूधाः

१११७ गुंलाछ्व ६, यल–

भिक्षु बुद्धघोष महास्थविरया सभापतित्वय् थनया अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रया वार्षिक साधारण सभा केन्द्रया अध्यक्ष ज्ञानज्योति कंसाकारपाखें लसकुस ब्वचुयानापं न्ह्यात । केन्द्रया सहसचिव शान्तमान शाक्यपाखें वार्षिक प्रतिवेदन व कोषाध्यक्ष प्रेमकुमार शाक्यपाखें आर्थिक प्रतिवेदन न्ह्यब्वःगु उब्यलय् थी थी उपसमितिया संयोजकपिं पद्मशोभा तुलाधर, हेमबहादुर शाक्य, सुश्री अमिता धाख्वाःपिसं थःथःगु ब्वचु प्वंकूगु खः । धर्मरत्न शाक्य 'त्रिशूली' व प्रत्येकरत्न ताम्राकारपिसं ब्वचु ब्युगुया नापं उपाध्यक्ष रत्नमान शाक्यं धन्यवाद देछाःगु खः । थथेहे सयादो उ भिक्षु आसभाचारं धर्मदेशना यानाबिज्याःगु खः । उब्यलय् रत्नमान शाक्यया अध्यक्षताय् कार्यसमितिया न्हूधाः जुयाःलि उपाध्यक्ष, सचिव व कोषाध्यक्षय् छसिकथं हेमबहादुर शाक्य, शान्तमान शाक्य व मय्जु सविता धाख्वाः ब्वनाबूसा सदस्यय् रेमबहादुर ताम्राकार, गोपीलाल महर्जन, माइलाल उपासक, मन्दिरा ताम्राकार, मय्जु अमिता धाख्वाः, सानुलाल अवाले, प्रेमकुमार शाक्य व प्रकाशरत्न ताम्राकारपिं ब्वनाबूगु दु ।

सिर्पाः लःल्हात

१११७ गुंलाछ्व १०, बलंबु–

भिक्षु अनिरुद्ध महास्थविरया सभापतित्वय् नेपाल बौद्ध परियत्ति शिक्षाया बु सं. २५४० या परीक्षार्थीपिन्त सिर्पाः इनेज्या जुल । न्हुछेबहादुर महर्जनपाखें लसकुस ब्वचु जूगु उगु ज्याझ्वलय् गा. वि. स.या अध्यक्ष गुणदास महर्जन व मित्र सुशोभनपिसं नं मंखें प्रस्तुत जूगु खः । वय्लय् भिक्षु सुदर्शन महास्थविरं धर्मया विधि व रीतिजक हनाः उकिया छुं अर्थ ब्वीकेगुली वास्ता मदैच्वंगु थुगु थासय् भिक्षुपिसं ब्वनीगु पाठ, वन्दना व गाथाया अर्थ ब्वीकाः बुद्धया उपदेशकथं न्ह्यचिलेमाःगु खँ कनाबिज्यात । हरिकृष्ण उपासकं सुभाय् देछाःगु उगु सभाय बलम्बु परियत्ति शिक्षायात शाही थाई राजवूत परिवारपाखें ३०००।-, धर्मबहादुर शाक्यपाखें १५००।– व भिक्षु अनिरुद्ध महास्थविरपाखें १०००।– दां ग्वाहालिकथं लःल्हाःगु जुल ।

निबन्ध प्रतियोगिता जुल

१११७ दिल्लागा ७, यल–

लोटस रिसर्च सेण्टरपाखें २५४१ दं बुद्धजयन्तीया लसताय् 'बुद्धधर्मय् करुणा' विषयय् ग्वसाःग्वःगु निबन्ध प्रतियोगिताय् त्याःपिन्त प्रमुख अतिथियायानं भिक्षु सुदर्शन महास्थविरं नगद सिर्पाः, पत्रिका व दसिपौ व प्रेरणा पुरस्कारस्वरूप सेन्टरं पिथनातःगु सफू व पत्रिका लःल्हानाबिज्यात । डा. वज्रराज शाक्यया सभापतित्वय् जूगु उगु समारोहस माणिक वज्राचार्यपाखें लसकुस ब्वचु व मधुर शाक्यपाखें प्रतियोगिताया लिच्वः न्ह्यब्वःगु खः । उब्यलय् पं. हेमराज शाक्य, डा. भद्ररत्न वज्राचार्य र फणीन्द्ररत्न वज्राचार्यपिसं थःथःगु नुगः क्वं प्वंकाबिज्यात ।

धर्मचक्रप्रवर्तनदिवस हन

१११७ दिल्लाश्व १५, यँ–

धर्मचक्रप्रवर्तनदिवस समारोह समिति, गणबाहाःया ग्वसालय् दँय्दँसं जुयावयाच्वंगु दिल्लापुह्लि (गुरुपुह्लि) हनेगु ज्याश्वः थनया महिला बौद्ध समूह, बुढबारी, ह्यूमतपाखें पाःकयाःलि न्ह्याकूगु दु। किसिह्मय् तयाः बुद्धमूर्ति विशेष बाजं आदिया लिसें बौद्ध संघसंस्थाया बाय्नरसहितं मनूत मुनाः दे-चाःहुइके ज्या ओन्दे, बुद्धबारिइतुं वयाः क्वचायेकाःलि भिक्षु सुदर्शन महास्थविरया सभापतित्वय् बौद्धसभाय् हिउगु खः। उगु सभाया उद्घोषिकाकथं महिला बौद्ध समूहया नकिं मय्जु श्रीमिला सुवालं समूहं खुदँया दुने थौंतक यानावःगु प्रगति विवरणलिसें बुद्ध बूगु दे नेपाःया लुम्बिनी क्यबया लागाय् विश्वय् दकलय् तम्वयक दयेकेगु जुयाच्वंगु विश्वशान्ति स्तूपया ज्याय् न्ह्यिलाबिज्याःह्म जापानी भिक्षु युनाताका नावातामें बुद्ध शासनया निति यःगु ज्यानतकं पायेमाःगु खँयात कुलादिसे उह्म भिक्षुया निर्ममतापूर्वक जूगु ह्रत्यायात कयाः दुःख प्वंकादिउगु खः।

न्यागू संयोगया खेंय् धर्मदेशना यानाबिज्यासे अनगारिका धम्मवतिं बौद्ध जगतय् जुयाच्वंगु अन्यायप्रति च्यूताः तयाः सकल बौद्धजनपिं छप्पं छधी जुइमाःगु खँ कुलाबिज्यात। थ्वहे इलय् महिला बौद्ध समूह खुदँ क्वयंगुया लसताय् उगु समूहयात थमहाविहार दायक समितिपाखें सदस्यसचिव श्यामकृष्ण मानन्धरं म. बौ. समूहया अध्यक्षयात हनापौ देछादिल। आकिवं धर्मचक्रप्रवर्तनदिवस तेबहाः पुचलं न्यागेकीगु खँ नं कनादिल।

सभापतिया आसनं न्वँवासे भिक्षु सुदर्शन महास्थविरं न्यागू संयोग चूलाःगु धर्मचक्रप्रवर्तनदिवसयात कथाः काव्यात्मक व्याख्याया लिसें पुण्यानुमोदना यानाः सभा क्वचायेकाबिज्यात।

स्वयम्भू ज्ञानमाला थिमिइ

१११७ गुंलागा ६, यँ–

स्वयम्भू ज्ञानमाला भजनखलकं लय्लय्पतिकं थी थी विहारय् वनाः भजन हालाः, बुद्धपूजा यानाः बौद्धजागरणकथं न्ह्यिचिलावैच्वंगु ज्याश्वः थिमिया पाटी बिहारय् थ्यंगु दु। अन विहारय् जूगु ज्याश्वःकथं अनया नायःपिं विशेष कार्यकर्तापिं ज्ञानकुमार वादे, रामभक्त हंयजु, सिद्धिबहादुर सिके, न्हुच्छेकुमार सिके व कृष्णकुमार प्रजापतिपिन्त खलःया नायः शान्तरत्न शाक्यं खातागा क्वखायेकाः, ज्ञानमाला सफूनापं बियाः हनाबिज्यात।

सचिव किरणकुमार जोशीं न्ह्याकाबूगु उगु ज्याश्वःस विहारया प्रमुख कार्यकर्ता कृष्णकुमार प्रजापतिपाखें विहारया परिचय न्ह्याब्वैबूगु खः। उब्यलय् न्वचुब्युसे खलःया सल्लाहकार अध्यक्ष सुवर्ण शाक्यं धइबिज्यात– "यँ देसय् जक ह्लापा लिकुनाच्वंगु ज्ञानमाला अधिराज्यय् थ्यन। पुलांगु पूजाविधियात सुधार यानाः थुगु खलकं न्ह्याकूगु बाहाःपूजा थिमिइ नं थ्यन। ज्ञानमाला छगू भजन खः अय्सां आः हालेगुजक मयासे व्यवहारय् छचलेगु नं यानाहल। ज्ञानमाला अतिकं उद्धार जुयाः नेपाःमिपिन्त हौसला बीगु व परिश्रमिपित कःघायेगु नं उकिं यानाहःगु दु।" थुब्यलय् धर्मदेशना यासे भिक्षु धम्मसोभनं धैबिज्यात– "ह्लापांनिसें श्रावकसंघं धर्मया लागी योगदान बियावइच्वंगु। बुद्धधर्म २५०० दँ न्ह्याः गुलि महत्त्वपूर्ण जुल, थौंया वैज्ञानिक युगय् नं उलि हे महत्त्वपूर्ण हे जुयाच्वंगु दु।"

—●—

आनन्दकुटीविहार क्षेत्र पुनर्निर्माणसम्बन्धी आर्थिक विवरण

-प्रस्तोता भिक्षु धर्ममूर्ति
उपसंयोजक

सि.नं.	विवरण	आय	व्यय
१.	स्वः महानाम महास्थविरको पुण्यस्मृतिमा	१०,०००।-	
२.	श्रद्धालु उपासक-उपासिकाहरूबाट सहयोग	४९,०४६।-	
३.	धम्मागार पछाडि पर्खाल र ढल बनाउन		१८,१८५।७०
४.	रसिद, रजिष्टर बुक र ब्लकको लागि		१,९६६।७०
५.	टचांको किन्नको लागि नपुग दिएको		२,०००।-
६.	पुरानो विहारमा ग्रिलबार घेरेको		३५,०००।-
		जम्मा रू. ५९,०४६।-	५७,१५२।४०

जम्मा बाँकी रू. १,८९३।६०

बाँकी रू. १,८९३।६० विहारको आवासीय गृहमा रङ्गरोगनको लागि दिइएको छ ।

१.	विहार-आवासीय गृहमा रङ्गरोगनको लागि गएको खर्च		९०९५।-
२.	श्रद्धालु उपासक-उपासिकाहरूबाट सहयोग	२५००।-	
३.	पुनर्निर्माण उपसमितिबाट	१८९३।६०	
४.	परित्राण मण्डप (पाल्पा) बाट प्राप्त रकम	१४०००।-	
५.	पुरानो विहारमा प्राप्त चन्दा	२३०१।-	
		जम्मा रू. ८०९४।६०	९०९५।-

जम्मा नपुग रकम रू. १०००।४०

सो रकम भिक्षु धर्ममूर्तिको तर्फबाट व्यहोरिएको छ ।

मुद्रकः- बी. एस्. प्रिन्टिङ्ग प्रेस, लगं दलाछि, यं । फोन- २५३३२२